युक्रेनी विदेशमन्त्री भारत भ्रमणमा, शान्ति सूत्रमा... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ •अंक ३०० • २०८० साल चैत्र १६ गते शुक्रबार (29 March, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रदेशमा मतभेद बढ्यो, प्रचण्ड र देउवाबीच भेट

टुडे समाचारदाता

काठमाण्डु । सत्तारुढ गठबन्धनमा प्रदेश सरकारको नेतृत्वको विषयमा विवाद बढेको छ। नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच कर्णाली प्रदेशको विषयमा विवाद फँसेको छ । माओवादीले कर्णालीलाई नछाड्ने र एमालेले पनि नछाड्ने अडानमा रहेकाले विवाद बढेको छ।



माओवादीले कर्णाली र बागममती आफ्नो भागमा पार्न चाहेको छ । सुदुरपश्चिममा नागरिक उन्मुक्ति पार्टी (नाउपा) लाई दिन माओवादी सहमत देखिएको छ।

तर नेकपा एकीकृत समाजवादीले मधेश प्रदेश अथवा बागमती प्रदेश मध्ये एउटामा मुख्यमन्त्री अनिवार्य हुनुपर्ने अडान लिएको छ । एसका अध्यक्ष माधवकुमार नेपालले एउटा प्रदेशमा मुख्यमन्त्री, बझांगमा प्रदेश सभा र राष्ट्रिय सभाको उपाध्यक्ष नपाए सत्ता गठबन्धनबाट बाहिरिने धम्की दिन थालेका छन्।

मधेश प्रदेशलाई जनता समाजवादी पार्टी(जसपा) ले नेतृत्वलाई निरन्तरता चाहेको छ। मधेश प्रदेश बाहेक अन्य प्रदेशमा हाम्रो चासो नभएको बताउँदै कार्यकारिणी समितिका सदस्य विजय यादवले हाम्रो नेतृत्वले नै निरन्तरता पाउने बताए। 'सत्ता गठबन्धनको बखत नै मधेश प्रदेशलाई 'बटमलाईन' बनाइएको हो' उनले भने, अहिले कुनै दलले हानाथाप गरे नेतृत्वमा असर पर्ने छैन।

'मधेश प्रदेशमा नेकपा एस र एमालेको दावी अस्वभाविक हो' यादवले भने, सत्ता गठबन्धनमा चौथो हैसियतमा रहेको दललाई एउटा प्रदेशमा पनि खिँचातानी गर्नु राजनीतिक बेइमानी हो।

सत्ता गठबन्धनका तेस्रो प्रमुख साझेदार राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले प्रदेश सरकारमा चासो लिएको छैन। प्रदेश खारेजीको पक्षमा रहेको रास्वपा सत्ता गठबन्धनमा तेस्रो ठूलो दल रहेको छ।

बागमती प्रदेशमा सरकार टिकाउन मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले हाम्रो नेपाली पार्टीका एकजना सभासदलाई सरकारमा भित्र्याएर बहुमत पुर्‍याउने प्रयास गरेका छन्।

सत्ता गठबन्धन परिवर्तनपछि सरकारमा हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य मन्त्री पदमा नियुक्त भएका छन् । सत्ता गठबन्धनमा निर्णायक मानिएको सो दलका संसदीय दलका नेता बज्राचार्यले मन्त्री पदको शपथ ग्रहण गरेका छन्। उनलाई संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी तोकिएको छ । तर सरकारलाई चाहिएको संख्या अझै पुगिसकेको छैन।

प्रदेश सरकारको नेतृत्वको विषयमा गठबन्धन दलहरुबीच खिँचातानी चलिरहेको बेला नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासित बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले सरकारी निवास बालुवाटारमा भेटेका छन् । दुबै नेताबीच भेट भएको पुष्टि दुवै दलले गरे पनि संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टीआरसी)को विषयमा मात्र छलफल भएको बताएका छन् । तर सत्तागठबन्धनमा समेत छलफल भएको अनुमान धेरै नेताहरुले गरेका छन्।









# हात्तीको आक्रमणबाट महिलाको मृत्यु, श्रीमान् घाइते

झापा। झापाको शिवसताक्षी नगरपालिकामा जङ्गली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। आक्रमणबाट उनका श्रीमान् घाइते भएका छन्।

शिवसताक्षी-११ स्थित रतुवामाई वृक्षरोपण आयोजनाको वन क्षेत्रमा जङ्गली हात्तीको आक्रमणबाट स्थानीय ६० वर्षीया पवित्रा भेटुवालको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ढुण्डीराज गिरीले जानकारी दिनुभयो। उनी बुधबार साँझ वनमा घाँस दाउरा लिन गएकी थिइन्।

घटनास्थलबाट सात किलोमिटर दक्षिणमा रहेको झिलझिले इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीले घटनास्थलबाट पवित्राका श्रीमान् ६२ वर्षीय दिलीप भेटुवाललाई उद्धार गरी उपचारका लागि विर्तामोडस्थित पूर्णटुंग विर्तासिटी अस्पताल पुऱ्याएको प्रहरी निरीक्षक गिरीले बताउनुभयो। घाइतेको मुख, हात र शरीरका विभिन्न भागमा चोट लागेको छ।

यस वर्ष साउनदेखि हालसम्म जिल्लामा हात्तीको आक्रमणमा परी पाँच जनाको ज्यान गएको छ। जङ्गली हात्तीले बुधबार अर्जुनधारा नगरपालिका-९ बाह्रघरेका नन्दप्रसाद पौडेल र दुर्गा बस्नेतको घर भत्काएको छ। हात्तीले गोठमा रहेको धानसमेत खाएको छ। हात्तीले यसअघि मङ्गलबार कमल गाउँपालिका-५ सिम्लेका आइतराज लिम्बूको खेतको मकै खाएको थियो।

हात्तीले आइतबार मेचीनगर नगरपालिका-३ दोकानडाँडाका टङ्कप्रसाद पौडेल, छुनु दनुवार र धनसिंह तामाङको घरसमेत भत्काएको प्रहरीले जनाएको छ। रासस

# मधेशमा खस्किदो मानव अधिकारको अवस्था

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा मानवअधिकारको अवस्था खस्किँदै गएको प्रति सरोकारवाल पक्षहरुले चिन्ता व्यक्त गरेका छन्।

जनकपुरधाममा बिहीबार भएको मधेस प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले मधेशमा मानवअधिकारका विभिन्न घटनाहरु बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरेका छन्।



राष्ट्रिय मानव अधिकार आयोगका सदस्य तथा प्राध्यापक डा. सुर्य ढुंगेललेसम्बन्धित निकाय जवाफदेही नहुँदा मधेशमा बढी घटना हुनुको कारण रहेको औल्याएँ।

राजनीतिक दलका नेतृत्वलाई जवाफदेही बनाउँदै सामूहिक प्रयास मार्फत मानव अधिकारको अवस्थालाई सुधार गर्न आवश्यक रहेको उनले बताए।

मधेस प्रदेशका मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुरले मानव अधिकार उल्लंघनको घटना भइरहेकोले यसको न्यूनीकरणका लागि सम्बन्धित निकाय गम्भीर हुन जरुरी रहेको बताए। मानव अधिकार मौलिक अधिकार भएको उल्लेख गर्दै राज्यले नागरिकको मानव अधिकार प्रत्याभूत गर्नु पर्नेमा उनले जोड दिए।

मधेश प्रदेश प्रहरी कार्यालयका एसएसपी इश्वर कार्कीले मानव अधिकार उल्लंघनका घटना तथा अपराधिक क्रियाकलापलाई निरुत्साहित गर्न नेपाल प्रहरीले प्रभावकारी अनुसन्धन गरी रहेको बताए। मानव अधिकार उल्लंघनका घटनाहरू न्यूनीकरण गर्न संयूक्त र सकारात्मक प्रयास आवश्यक रहेको उनले बताए।

इन्सेकको तथ्याङ्क अनुसार गत वर्षको तुलनामा सन् २०२३ मा महिला र बाल अधिकारका घटनाहरुमा बृद्धि भएको छ। सन् २०२३ मा बाल अधिकार, महिला अधिकार, घाइते, अमानवीय व्यवहार, कुटपिट, यातना, धम्की, अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार, हत्या, गिरफ्तारी, हिरासतमा मृत्यु, सबै प्रकारका जातिय विभेदका घटनाहरू वृद्धि भइरहेको हुँदा मधेश प्रदेशको अवस्था सन्तोषजनक नरहेको जनाइएको छ।

सो कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहलगायतकाहरुको सहभागिता रहेको थियो।

# कटुवा पेस्तोलसहित बाबु–छोरा पक्राउ

**टुडे समाचारदाता**

लहान। सिरहा प्रहरीले कटुवा पेस्तोलसहित बाबु छोरालाई पक्राउ गरेको छ। सिरहा नगरपालिका- २ स्थित यादव टोलबाट ४९ वर्षीय बिजय यादव र उनका छोरा १९ वर्षीय राजा यादवलाई एक थान कटुवा पेस्तोलसहित पक्राउ गरेको सिरहा प्रहरीले जनाएको छ।

घरायसी वादविवादले उग्ररुप लिएपछि सो घटनाबारे प्रहरीलाई खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिई घर खानतलासी गर्दा पेस्तोल फेला पारेपछि उनीहरुलाई नियन्त्रणमा लिएको सिरहा प्रहरीले जनाएको छ।

प्रहरीले आरोपित बुवा छोरालाई जिल्ला अदालत सिरहाबाट म्याद थप गरी यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# दशगज्जामै होली मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम । विगतभन्दा नितान्त भिन्नै प्रकारले मनाइएको होली पर्वको रौनक सीमावर्ती क्षेत्र अवस्थित दशगज्जामा नेपाल-भारतका सुरक्षाकर्मीहरुले होली मनाएका छन्।

नेपाल-भारतको सीमानाकामा दुवै देशका सशस्त्र प्रहरी बलले दिनरात खटेर सीमा सुरक्षा गर्ने सशस्त्र प्रहरी र भारतीय एसएसबीका अधिकारीसमेतले धुमधामसाथ होली मनाएका छन्।

सीमावर्ती क्षेत्रमा दुवै तर्फका आमजनताको मनोभावना, रहनसहन, सांस्कृतिक, सामाजिक र परम्परामा समानतालाई दर्शाउँदै सशस्त्र प्रहरीका जवान, अधिकारीहरु र एसएसबीका जवान, अधिकारीहरु एवं स्थानीयवासीहरुको सक्रिय सहभागितामा होली मनाएको छ।

सामाजिक सद्भाव तथा सौहार्दता, भाइचारा र मैत्रीपूर्णरुपमा दुवै देशका सीमा सुरक्षाकर्मीहरूको उपस्थितिमा धनुषाको जनकनन्दनी गाउँपालिकास्थित दशगज्जा क्षेत्रमा होली मनाइएको छ।

घर परिवारसँग टाढा रहेर देशको सीमा तथा जनताको सुरक्षामा खटेका नेपालका सशस्त्र प्रहरी र भारतका सशस्त्र सीमा सुरक्षा बलका जवान तथा अधिकारीहरुले सीमानाकामा नै शुभकामना आदान प्रदान साटासाट गरेर होली मनाएका छन्।

नेपालका तर्फबाट मधेश प्रदेशका सशस्त्र प्रहरीका प्रहरी नायब महानिरीक्षक दिपेन्द्र शाहको प्रमुख आतिथ्यतामा भएको सो शुभकामना आदान प्रदान कार्यक्रममा धनुषाका सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक दर्शन गिरीको नेतृत्वमा र भारतीय सीमा सुरक्षा बल जयनगरको सशस्त्र सीमा बलका कमान्डेन्ट एसपी गोविन्द सिंह भण्डारीको नेतृत्वमा भएको थियो।

सो कार्यक्रममा मधेश प्रदेशका सशस्त्र प्रहरीका नायब महानिरीक्षक दिपेन्द्र शाहले सीमाको सुरक्षामा दिन रात खट्ने सीमा सुरक्षाकर्मीहरूको मनोबल बढाउन दुवै देशका अधिकारीहरूको सहकार्य समन्वय महत्वपूर्ण रहेको बताए।

उनले खुला सीमानाकाका कारण अपराधलगायतका विभिन्न घटना नियन्त्रणका लागि दुवै मुलुकको सिमानाकामा खट्ने सशस्त्र प्रहरी र एसएसबीका जवानहरुको निकै प्रशंसासमेत गरे।

सशस्त्र प्रहरी बल धनुषाका प्रहरी उपरीक्षक दर्शन गिरीले दुवै मुलुकको सीमानाकामा खट्ने प्रहरी जवानले मुलुकको शान्ति सुरक्षा, अमनचयन र अपराध नियन्त्रणमा महत्वपूर्ण सहयोगसमेत रहने गरेकाले सीमावर्ती क्षेत्रका आमजनताको सामाजिक सांस्कृतिक र मनोभावना एकै किसिमको भएकाले पनि आफूहरुले एकअर्काको खुसियाली साटासाट गरेको बताए।

सशस्त्र प्रहरी बल र एसएसबीको संयूक्त आयोजनामा भएको सो कार्यक्रममा जनप्रतिनिधिहरु, स्थानीयवासीहरुसमेतको सहभागिता रहेको थियो।

# रमजानको उल्टो गिन्ती सुरु, बजारमा चहलपहल बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । इस्लाम धर्मावलम्बीको महान पर्व रमजान रोजाको उल्टो गिन्ती सुरु भएको छ।

गत २९ फागुनदेखि सुरु भएको रमजान महिनाको १५ दिन पूरा भएपछि उल्टो गिन्ती सुरु भएको छ। मुस्लिम सामुदायले इस्लामिक महिना रमजान भरि ३० दिन लगातार निराहार व्रत बस्ने गर्छन्।



रोजा (व्रत) हरेक मुस्लिम सामुदायका बालिग महिला तथा पुरुषमा अनिवार्य गर्नुपर्ने चलन छ। ईद पर्वको समय नजिकिदै गर्दा बजारमा मुस्लिम समुदायको चहलपहल बढेको छ। ईद पर्वमा मुस्लिम समुदायले नयाँ लुगा कपडा लगाउने भएकोले जनकपुरधामसहित अन्य बजारमा लुगा कपडाको बिक्री बढेको छ।

इस्लाम धर्मका ५ वटा आधार स्तम्भ इमान, नवाज, रोजा, जकात, हजमध्ये रोजा तेश्रो नम्बरको हो। इस्लामिक महिना सवाण समाप्त भई रमजानको पहिलो चन्द्रमा (चाँद) देखे पछि रमजान शुरु भएको थियो। इस्लामिक महिना रमजानको पहिलो चन्द्रमा देखे लगत्तै सुरु हुने रोजा पर्वमा मुस्लिम समुदायका सम्पूर्ण महिला तथा पुरुषले अनिवार्य रुपमा दिनभरि केही नखाई निराहार रुपमा व्रत बस्नु पर्ने हुन्छ। रोजा(व्रत) मा बस्नेहरुले सुर्य उदाउनु भन्दा पूर्व र सुर्य अस्ताएपछि मात्र अन्नजल ग्रहण गर्छन्।

इस्लामिक धर्मग्रन्थका अनुसार रोजा दुई हिजरी सवाण (महिना)को १० तारिक देखि मुस्लिम समुदाय माथि फर्ज अर्थात् अनिवार्य गरिएको छ। इस्लामिक धार्मिक गुरुहरुको अनुसार अहिले १४ औं हिजरी चलिरहेको छ। रोजा धनि, गरिब भनेर कुनै किसिमको भेदभाव गर्नु हुँदैन। दिनभरि मजदुरी गर्ने होस् वा राजा राजौटा किन नहोस् सबैमाथि रोजा उत्तिकै लाजिम( अनिवार्य) गरिएको छ।

इस्लामिक धर्मगुरुहरुका अनुसार सामुहिक रुपमा रोजा खोल्दा (अन्नजल) धार्मिक हिसाबले राम्रो मान्निछ। रमजान महिनामा इस्लामिक क्यालेण्डरको ९ औं महिना हो। यो महिना मुस्लिम समुदायको लागि विशेष महत्व राख्दछ। अन्य महिना भन्दा रमजानमा उपवास तथा दान गर्दा ७० गुण बढी सवाव (पुण्य) प्राप्ति हुने धार्मिक विश्वास छ। रमाजानकै २७ तारिकका दिन इस्लाम धर्मावलम्बीहरुको सब भन्दा ठूलो धर्मग्रन्थ पवित्र कुरआन सरिफ नाजिल (अवतरित) भएकाले उनले बताए।

यसै महिनामा साढे सात तोला सुन वा साढे ५२ तोला चाँदी तथा त्यति बरावरको सम्पति भएको खण्डमा गरिब विपन्नहरुको लागि अनिवार्यरुपमा जकात अर्थात् दान गर्नका लागि साढे दुई प्रतिशतका दरले रकम निकाल्नु पर्ने हुन्छ।

यसले गरिब र अशक्तहरुका लागि केही गरौं भन्ने सन्देश दिने गरेको छ। रमजान महिना भरि विशेष रुपमा अल्लाहप्रति समर्पित राख्नुपर्ने हुन्छ। मुस्लिमले अल्लाहको डर तथा नैतिकताको घेराभित्र मनलाई राख्दै धार्मिक तथा समाजलाई भलो हुने काममा तल्लिन हुन्छन्। आपराधिक, अश्लील तथा समाजलाई अहित हुने कार्यहरु यो महिनामा मुस्लिमबाट हुँदैन। तर अपराधीको कुनै जात हुँदैन, अपराधीहरु जात, धर्म, कानुन भन्दा बाहिर हुन्छन्।

रमजानको यो विशेषताले सामाजिक विकृति न्यूनिकरण, कानुनी राज्यको सम्मान, समाजिक विकासमा अग्रता, अपराध नियन्त्रणमा व्यापक सहयोग पुग्ने विश्वास गर्न सकिन्छ। एक महिनासम्म रोजा बसेपछि मात्र मुस्लिम समुदायले इदुल फित्र अथार्त ईद पर्व मनाउने गर्छन्।

# म्याद गुज्रेका रंगरोगन सामग्री नष्ट

**टुडे समाचारदाता**

राजविराज। बजार अनुगमनका क्रममा जफत गरिएका रंगरोगन सामग्री नष्ट गरिएको छ।

राजविराजमा बिहीबार संयुक्त बजार अनुगमन टोलीले केही दिन यता दैनिकरुपमा थालेको अनुगमनका क्रममा स्थानीय पसलहरुबाट बरामद गरिएका म्याद गुज्रेका रंगरोगन लगायतका सामग्री स्थानीयको रोहबरमा नष्ट गरिएको छ।



विगतमा होटल र किराना पसलमा बढी अनुगमन हुने गरेकोमा पहिलो पटक हार्डवेयर पसलमा समेत अनुगमन गरिएको छ। अनुगमनका क्रममा एचजी इन्टरप्राईजेजबाट १४ लिटर यति पेन्ट्सका रंग सामग्री तथा पुर्वे. ट्रेडर्सबाट रंगरोगन कार्यमा प्रयोग गरिने ३ लिटर इनामेल म्याद गुज्रेको बरामद भएकाले सो जफत गरी नष्ट गरिएको संयुक्त बजार अनुगमन टोलीले जनाएको छ।

टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विक्रम लिम्बु, जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रतिनिधि सुशिल कर्ण, घरेलु तथा साना उद्योग कार्यालयका कमल नारायण साह, राष्ट्रिय उपभोक्ता मञ्चका राजकुमार गुप्तालगायतकाहरुको सहभागिता रहेको थियो।

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन कदमचौक देखि क्याम्पस चौक जाने क्रममा मिति २०८०।११।१६ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : गणपति साह**
**सिम्बोल नं.: २१७००४३८**
**रजिष्ट्रेशन नं.: ७८२१७००९००७९**
**ठेगाना: सबैला न.पा.-१, धनुषा**
**हाल: जनकपुरधाम उ.म.न.पा.-२**
**मो.नं.९८१९८३४१९८**

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथुन | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# होल्डिङ सेन्टरको स्वामित्व हस्तान्तरण अन्योलमा



**वीरगञ्ज** ।पर्साको वीरगञ्जस्थितभारतीयसीमानाकामा नवनिर्मित होल्डिङ सेन्टरको स्वामित्व हस्तान्तरणको विषय टुङ्गो नलाग्दा होल्डिङ सेन्टर अलपत्र परेको छ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले निर्माण गरिएको होल्डिङ सेन्टर भवन स्वामित्व हस्तान्तरण अन्योल हुँदा भवन अलपत्र परेको हो।

सरकारले विसं २०७८ वैशाख ५ गते मन्त्रिपरिषद्को निर्णय अनुरुप नेपाली सेनाले करिब रु २८ करोडको लागतमा १३ भान्साघर, २२ शौचालय, सामान्य लक्षण भएकाका लागि नौ सय शयूया र जटिल अवस्थाका बिरामीका लागि एक सय शयूया तथा तीन वातानूकुलितसहितका भिआइपी कक्ष निर्माण गरेको सो होल्डिङ सेन्टरलाई सेनाको टोलीले सुरक्षा दिइरहेको छ।

निर्माणकार्य सम्पन्न भएको लामो समयसम्म पनि होल्डिङ सेन्टरको स्वामित्व हस्तान्तरण हुनसकेको छैन। “होल्डिङ सेन्टरको स्वामित्व कसले लिने भन्ने अझै निश्चित हुनसकेको छैन”, वीरगञ्ज महानगरपालिकाका स्वास्थ्य शाखा संयोजक अनिलकुमार यादवले भन्नुभयो, “स्वामित्वको निश्चित नहुँदा होल्डिङ सेन्टरमा बिजुली र खानेपानी जडान हुनसकेको छैन।” होल्डिङ सेन्टरमा तत्काल बिजुली र खानेपानीको जडान गर्न पहल गरिए पनि स्वामित्वको निश्चित नहुँदा त्यो सम्भव हुन नसकेको उहाँको भनाइ छ।

होल्डिङ सेन्टरको स्वामित्व सङ्घीय, प्रदेश वा स्थानीय सरकार कसको हुने अझै निश्चित नभएकाले समस्या भएको स्वास्थ्य शाखा संयोजक यादवले बताउनुभयो। भौतिक पूर्वाधार पूर्ण रूपमा तयार भए पनि यसलाई नियमित सञ्चालनका लागि स्वामित्व हस्तान्तरण र बजेटको अभाव रहेको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले बताउनुभयो।

“हामीले महानगरपालिकालाई स्वामित्वका लागि पत्राचार गर्‍यौं, तर महानगरपालिकाले बजेट अभावका कारण स्वामित्व लिएर सञ्चालन गर्न नसकिने भनेर जवाफ दियो”, प्रजिअ भुषालले भन्नुभयो, “त्यसपछि मधेस प्रदेश सरकार र स्वास्थ्य विभागलाई समेत पत्राचार गर्‍यौं, तर अहिलेसम्म कुनै जवाफ आउन सकेको छैन।”

होल्डिङ सेन्टर सञ्चालनका लागि जिल्लाका सबै संयन्त्र तयार भए पनि स्वामित्व हस्तान्तरण र बजेटको समस्या भएको प्रजिअ भुषालको कथन छ।

“विद्युत् प्राधिकरण र खानेपानीका प्रमुखलाई बोलाएर होल्डिङ सेन्टरमा बिजुली र खानेपानी जडान गरिदिन आग्रह गरे, तर उहाँहरूले स्वामित्वको निश्चित नहुँदासम्म बिजुली र धारा जडान गर्न सकिँदैन भनेर जवाफ दिनुभयो”, प्रजिअ भुषालले भन्नुभयो, “त्यसैले अहिले होल्डिङ सेन्टर अलपत्र अवस्थामा छाड्नुपरेको छ।” यसैबीच भारतीय सीमा क्षेत्रमा महानगरपालिकाले स्थापना गरेको हेल्थ डेस्कमा खटिएका ल्याब टेक्निसियन निशा साहले भारतबाट आवतजावत गर्ने करिब दुई सयदेखि तीन सय जना विदेशीको दैनिक रूपमा कोरोना जाँच गरिरहेको बताउनुभयो।

होल्डिङ सेन्टर सञ्चालन नहुँदा जाँचका क्रममा कोरोना पोजेटिभ देखिएका बिरामीलाई होम क्वारेन्टिनमा बस्न सुझाव दिँदै घर पठाउनुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। रासस

# अस्पतालका समस्या समाधान गर्न प्रदेश सरकार तयार छः मन्त्री सिंह

**सिरहा** । मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले प्रादेशिक अस्पतालमा रहेका समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको बताउनुभएको छ।



ग ृ ह ि ज ल ल ा सिराहाको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक प्रादेशिक अस्पतालको विहीबार निरीक्षण गर्दै उहाँले अस्पतालको स्तरोन्नति, सेवा प्रवाह, स्वास्थ्य प्रयोगशालालगायत विद्यमान समस्या समाधानका लागि प्रदेश सरकार तयार रहेको बताउनुभयो।

प्रादेशिक अस्पतालको समग्र विकास, सेवा प्रवाह र यसको स्तरोन्नतिका लागि सरकार सदैव सकारात्मक रहेको मन्त्री सिंहको भनाइ छ। “नागरिकलाई सहज स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने हाम्रो लक्ष्य छ। तसर्थ सेवा प्रवाहमा कुनै समस्या भए तत्काल जानकारी गराउँनुस्, समस्या समाधान गर्दै जानेछौँ”, उहाँले भन्नुभयो, “यसअघि थालिएका राम्रा कामलाई पनि निरन्तरता दिनेछौँ।”

मन्त्री सिंहले प्रादेशिक अस्पताल लहानको जग्गा रजिस्ट्रेशन गर्दा दाताद्वय शारदा र मुरारका परिवार तयार हुँदा राजस्वसम्बन्धी समस्या देखिएकाले सो समस्यालाई चाँडै समाधान गर्ने प्रतिबद्धता जनाउनुभयो।

निरीक्षणका क्रममा ‘हेल्पिङ ह्याण्ड’ र ‘हेल्पिङ हर्ट’ संस्थाले उपलब्ध गराएको रु ३४ लाख ६६ हजार आठ सय ७४ पर्ने एक सय ४४ किसिमका स्वास्थ्य उपकरण मन्त्री सिंहले अस्पताललाई हस्तान्तरण गर्नुभयो। उहाँले स्वास्थ्य प्रयोगशालाको निरीक्षण गर्दै अभाव रहेका उपकरण तथा अन्य सामग्री र उपलब्ध रहेका उपकरणकाबारे जानकारी लिनुभएको थियो।

अस्पतालका सबै तहका कर्मचारीले कुनै किसिमको लापरवाही नगरी काम गर्नुपर्ने भन्दै लापरवाही भएको प्रमाणित भए कारबाही गर्न पनि पछि नपर्ने मन्त्री सिंहले बताउनुभयो। प्रदेशभरि बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने भन्दै उहाँले मधेस स्वास्थ्य प्रदेशको नारा कार्यान्वयन गर्न आफू इमान्दारीपूर्वक लाग्ने बताउनुभयो।

प्रादेशिक अस्पतालको स्तरोन्नतिमा रहेका बाधाव्यवधान फुकाएर अस्पतालको विकासका लागि सकारात्मक पहल गरिदिन प्रदेशसभा सदस्य राजकुमार गुप्ता र लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतोले मन्त्री सिंहको ध्यानाकर्षण गराउनुभएको थियो।

सोही अवसरमा मन्त्री सिंहलाई रक्तसञ्चार केन्द्र लहान र रामकुमार उमा प्रसाद प्रादेशिक अस्पतालले सम्मान गरेको थियो।रासस

# प्रतिकूल मौसमले हवाई उडान प्रभावित

**काठमाण्डु** । प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान सामान्य प्रभावित भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार ‘भिजिबिलिटी’ कमजोर हुँदा आन्तरिक र अन्तर्राष्ट्रिय दुवैतर्फको उडान प्रभावित भएको हो। विमानस्थलका प्रवक्ता सुवास झाले भिजिबिलिटी कमजोर हुदाँ केही अन्तर्राष्ट्रिय उडान प्रभावित भएको बताउनुभयो।

उहाँका अनुसार एयर चाइनाको जहाज ‘डाइभर्ट’ भएको छ भने अन्य जहाज आकाशमा फन्को लगाउने (होल्ड) भएका छन्। अहिले पनि सिचुवना एयरलाइन्सको जहाज होल्डमा रहेको छ। “प्रतिकूल मौसमले विमानस्थलको भिजिबिलिटी कमजोर रहेको छ। एक घण्टा अगाडि एक हजार छ सय मिटरमात्रै भिजिबिलिटी रहेकामा अहिले दुई हजार पाँच सय रहेको छ। रासस

# पर्सामा नागरिकताको सम्पूर्ण विवरण वडा कार्यालयमा प्रविष्ट गराइने

**वीरगञ्ज** । जिल्ला प्रशासन कार्यालय पर्साले केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणाली विहीबारदेखि कार्यान्वयनमा ल्याएको छ। सङ्घीय सरकारको नीतिअनुसार नै कार्यालयले यो सेवा कार्यान्वयनमा ल्याएको हो। पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले आजैदेखि केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणालीको सुरुआत गरेको जानकारी दिनुभयो।

“यसअघि नागरिकता सूचना व्यवस्थापन प्रणाली अन्तर्गत जिल्लामा नयाँ नागरिकता तथा प्रतिलिपी लिनेको विवरण अनलाइनमा प्रविष्ट गर्ने गरिन्थ्यो,” उहाँले भन्नुभयो,“अबदेखि वडा कार्यालयले नागरिकको सिफारिस दिँदा नै केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणालीमा नागरिकता बनाउन चाहनेको सम्पूर्ण विवरण अनलाइनबाटै प्रविष्ट गर्नुपर्नेछ,”

उहाँले केन्द्रीय नागरिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गराउने विवरणको विषयमा पर्सामा रहेका सबै स्थानीय तहका वडा कार्यालयलाई अभिमुखीकरण कार्यक्रम गर्ने तयारी गरिरहेका बताउनुभयो। वडा कार्यालयले नागरिकता सम्बन्धित प्रविष्ट गरेका विवरण रुजु गरेर जिल्ला प्रशासनले नयाँ नागरिकता जारी गर्न छिटोछरितो हुने प्रमुख जिल्ला अधिकारी भुसालले जानकारी दिनुभयो।

“यसले एकातर्फ जिल्ला प्रशासन कार्यालयमा अनिवार्य रुपमा अनलाइन प्रविष्ट गराउनुपर्ने बाध्यताको अन्त्य हुनेछ। अर्कोतर्फ जिल्लामा हुने भीड पनि न्यूनीकरण गर्नेछ,” उहाँले भन्नुभयो,“सो सेवा लागू भएसँगै सेवाग्राहीले पहिलाभन्दा सहज ढङ्गले नागरिकता प्राप्त गर्न सक्नेछन्।” यसअघि वडा कार्यालयले नागरिकता बनाउने सेवाग्राहीको आवश्यक कागजी प्रक्रिया पुरा गरेर जिल्ला प्रशासन कार्यालयमा ‘म्यानुअल’ रुपमा नै सिफारिस गर्ने गर्दथे। रासस

# शान्तिपूर्ण रूपमा देशभर एकैसाथ एसइई परीक्षा

**भक्तपुर** ।राष्ट्रिय परीक्षा बोर्डले विहीबारदेखि सञ्चालन गरेको यस वर्षको एसइई परीक्षा देशभरका दुई हजार ६४ परीक्षा केन्द्रमा एकैसाथ शान्तिपूर्ण रुपमा सुरु भएको छ।



विहीबार बिहान ८ बजेबाट देशभर एकै साथ सुरु भएको हो। चैत २७ गते सम्पन्न हुने परीक्षाको पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा भएको बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले जानकारी दिनुभयो। एसइईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न सरोकारवाला सबैमा उहाँले आह्वान गर्नुभएको छ।

परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कुल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थीले फारम भरेको कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो।

कुल परीक्षार्थीमध्ये पाँच सय छ विद्यालयका १५ हजार सात सय ४९ परीक्षार्थी प्राविधिक धारतर्फका रहेको उहाँले बताउनुभयो। परीक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी छन्।

परीक्षाका लागि सबैभन्दा कम मनाङ, मुस्ताङमा एक-एक परीक्षा केन्द्र र काठमाडौँमा सबैभन्दा बढी एक सय २७ परीक्षा केन्द्र कायम गरिएको छ। जापानमा रहेको एभरेष्ट स्कुलमा कायम गरिएको एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिँदैछन्।

परीक्षाका लागि प्रत्यक्ष रूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन भएका छन्। प्रतिकेन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटिएका छन्। त्यस्तै एक सय ५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार एक सय २८ सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार दुई सय २२ जना निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो।

त्यसैगरी एक सय परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ जना परीक्षा सहायकसमेत खटिएका छन् भने ५० परीक्षार्थी बराबर एक जना कार्यालय सहयोगी गरी १० हजार ८१ कार्यालय सहयोगी खटिएका छन्। प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार नौ सय ६० सुरक्षाकर्मी परिचालन गरिएका छन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रिस्तरीय निर्णयबाट २०७८ पुस ७ गते ‘लेटर ग्रेडिङ निर्देशिका २०७८’ जारी गरेर यस वर्षको परीक्षामा लागू गरेकाले अब सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने भएको छ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अङ्क र प्रयोगात्मकमा ४० अङ्क ल्याउनैपर्ने बताउँदै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ अङ्क र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनैपर्ने बताउनुभयो।

परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने छ।

उहाँले ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरेको जानकारी दिनुभयो। विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन्। रासस

# वीरगञ्ज महानगरपालिकाद्वारा एकीकृत परीक्षा सञ्चालन

**वीरगञ्ज** । मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगञ्ज महानगरपालिकाले पहिलोपटक सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ को परीक्षा एकीकृतरूपमा सञ्चालन गरेको छ।




सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण सिकाइलाई थप गुणस्तरीय र माध्यमिक शिक्षा परीक्षाको पूर्वतयारीस्वरुप महागरपालिकाले यस वर्षदेखि कक्षा ८ को एकीकृत परीक्षा सञ्चालन गरेको हो।

संस्थागत विद्यालयहरूको छाता सङ्गठन प्याब्सन र एनप्याब्सनका प्रतिनिधि तथा महानगरपालिकाको शिक्षा समितिका पदाधिकारीको संयुक्त बैठकले चालु शैक्षिकसत्रबाट कक्षा ८ को परीक्षा एकीकृत रूपमा लिने निर्णयअनुसार आजदेखि कक्षा ८ को एकीकृत परीक्षा सुरु भएको छ।

यही चैत २५ गतेसम्म सञ्चालन हुने एकीकृत परीक्षामा महागरपालिकाभित्रका ३६ सामुदायिक विद्यालयका तीन हजार एक सय ४१ र ८२ संस्थागत विद्यालयका दुई हजार चार सय ८५ गरी पाँच हजार छ सय ३६ विद्यार्थी सहभागी रहेको महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख अरबिन्दलाल कर्णले जानकारी दिनुभयो।

‘पढाउने र सिकाउने काम शिक्षकको र मूल्याङ्कन गर्ने काम महानगरपालिकाको’ भन्ने नाराका साथ पहिलोपटक सञ्चालन गरिएको एकीकृत परीक्षाको प्रश्नपत्र महानगरपालिकाले तयार पारी विद्यालयमा पठाएको छ।

महानगरपालिकामा सञ्चालित संस्थागत विद्यालयका विद्यार्थीको पूर्णाङ्क राम्रो देखिए पनि गुणस्तरीयता राम्रो नभएको पाइएपछि सामुदायिक र संस्थागत विद्यालयको एकीकृत परीक्षा सञ्चालन गरिएको प्रमुख कर्णले बताउनुभयो।

यसैबीच पूर्वाधारको विकाससँगै दक्ष शिक्षकबाट नियमित शिक्षण सिकाइ हुन थालेपछि वीरगञ्जस्थित सामुदायिक विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ।

महानगरपालिकाका ३२ वडामा हाल ९१ सामुदायिक र एक सय सय ३८ संस्थागत विद्यालय सञ्चालनमा रहेको प्रमुख कर्णले जानकारी दिनुभयो। उहाँका अनुसार सामुदायिक विद्यालयमा ४३ हजार पाँच सय ६४ र संस्थागत विद्यालयमा ३३ हजार चार सय २४ विद्यार्थी अध्ययनरत छन्।

स्थानीय तहमा आफू निर्वाचित भएर आएपछि सामुदायिक विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरमा सुधारका लागि धेरै प्रयास गरेकाले सुधार भएको महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताउनुभयो।

विद्यालय भवन, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, शुद्ध खानेपानी, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, विज्ञान प्रयोगशाला, कालो बोर्डलाई हटाइ सेतो बोर्डको व्यवस्थादेखि डिजिटल माध्यमबाट पठनपाठनको व्यवस्था गरिएको महानगर प्रमुख सिंहले बताउनुभयो।

शिक्षकलाई विद्यालयमा नियमित बनाउन डिजिटल हाजरी तथा कक्षा सञ्चालन भए-नभएको महानगरपालिकाबाट निगरानी बढाउनुका साथै विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाइ सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

शिक्षाको गुणस्तरमा सुधार र आवश्यक पूर्वाधारको विकास भएपछिमहानगरपालिकाभित्र सञ्चालित रहेका सामुदायिक विद्यालयमा पढ्न आउने विद्यार्थीको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ।

महानगरपालिकाभित्र सञ्चालित रहेका सामुदायिक विद्यालयमा पुस्तकालय, ई-लाइब्रेरी, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोशाला, शुद्ध खानेपानी, निःशुल्क सेनेटरी प्याड, आवश्यक कक्षा कोठासहित खेलमैदानको व्यस्थापनमा महानगरपालिकाले काम गर्दै आएको महागरपालिकाको शैक्षिक महाशाखाका प्रमुख कर्णले जानकारी दिनुभयो।

सामुदायिक विद्यालयमा दक्ष शिक्षकबाट गुणस्तरीय शिक्षा, अनुशासन र स्थानीय तहले आवश्यक सबै पूर्वाधार निर्माण गरेपछि सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको आकर्षण बढ्दै गएको शिक्षकहरू बताउँछन्।

केही वर्ष अघिसम्म एक हजार पाँच सयको हराहारीमा विद्यार्थी सङ्ख्या रहेकामा अहिले विद्यार्थीको सङ्ख्या दोब्बर बढी अर्थात् तीन हजार पाँच सय पुगेपछि बाध्य भएर थप विद्यार्थीलाई अध्ययन गराउन नसकिएको उहाँले बताउनुभयो। रासस

# डढेलोको त्रासबाट राहत

**महोत्तरी** । पछिल्लो साता दैनिकजसो परिरहेको पानीले जिल्लामा डढेलोका घटना भएका छैनन्। जिल्लाको वनक्षेत्रका बासिन्दालाई पानी परेर आगलागीका घटना नभएपछि डढेलोको त्रासबाट राहत मिलेको छ।



बस्तीसँगै जोडिएको वनमा दिनहुँ बढेको डढेलोले घरै टिप्ला भन्ने त्रासमा रहेका बासिन्दालाई चैत दोस्रो सातादेखि दैनिकजसो परिरहेको पानीले राहत मिलेको स्थानीय मनमाया ल्हायोले बताउनुभयो।

“फागुन लागेदेखि वनमा दैनिकजस्तो डढेलो देखिएपछि डढेलो बस्ती पस्ने त्रास थियो”, उहाँले भन्नुभयो, “चैतको दोस्रो साताभरि दिनहुँजसो परेको पानीले डढेलो निभाएपछि अब ढुक्क भएको छौँ।” साताभरि छिटफुट पानी परेपछि वनक्षेत्रका पतिङ्गर भिजेर आगो नसल्किएको भन्दै यो वर्ष अब डढेलोको त्रास नभएको ल्हायोको भनाइ छ। फागुनमध्यदेखि वैशाख मध्यसम्म डढेलो देख्ने गरिएको वनक्षेत्र आसपासका बासिन्दाको अनुभव छ।

फागुन मध्ययता बढेको डढेलोले जिल्लाको बर्दिबास र गौशाला नगर क्षेत्रमा पर्ने सागरनाथ वन विकास परियोजनाको पल्टमा तीन सय हेक्टरभन्दा बढी क्षेत्रफलका नयाँ बिरुवा डढाएर खरानी बनाएको डिभिजन वन कार्यालय महोत्तरीले जनाएको छ।

वसन्त ऋतु लागेपछि हुरीबतास चलेसँगै वनमा डढेलो बढ्दा बस्ती आगलागीको चपेटामा पर्दै आएका छन्। जिल्लामा वनसँग जोडिएका २५ भन्दा बढी बस्ती छन्।

डढेलो वर्षाको पानीले निभेपछि गाउँघरमा वन्यजन्तुको आवागमन पनि पातलिएको बर्दिबास-८ बानटोलका सर्वसाधारण बताउँछन्। वनमा डढेलो बढ्दा नीलगाई, हरिण, दुम्सी र बाँदर बाक्लै बस्ती पस्ने घटना डढेलो निभेसँगै पातलिएको उनीहरूको भनाइ छ।

वनको डढेलो निभेपछि वन कर्मचारीले पनि राहत महसुस गरेका छन्। पानी पर्नुअघि दिनहुँ डढेलो निभाउन दौडधुप गरिरहनुपरेको अवस्थाबाट राहत पाइएको डिभिजन वन कार्यालयका प्रमुख वरिष्ठ वन अधिकृत सन्तोष झाले बताउनुभयो। चैत दोस्रो सातादेखिको वर्षाका कारण डढेलो निभ्नुका साथै वनका पातपतिङ्गर भिजाएको उहाँको भनाय छ।

“यसअघि हामी डढेलो निभाउँदा निभाउँदै हैरान भएका थियौँ”, डिभिजन प्रमुख झाले भन्नुभयो, “वर्षाअघि विशेष तालिमप्राप्त सुरक्षा टिम परिचालित गरेर डढेलो नियन्त्रणमा लागेका थियौँ। एकातिर निभाउँदा अर्कोतिर डढेलोको खबर आउँथ्यो, हैरान भएका थियौँ, पछिल्लो वर्षाले राहत दिएको छ।”

वन्यजन्तुको चोरी सिकार, रुख कटान र जताततै डढेलो बढेपछि सुरक्षा अभियानमा विशेष तालिमप्राप्त वन सुरक्षा जवान सम्मिलित टोली कार्यालयले खटाउँदै आएको छ। कार्यालयको विशेष सुरक्षा गस्ती र पछिल्लो वर्षा वन सुरक्षामा उपलब्धिमूलक भएको वनसम्बद्ध कर्मचारी बताउँछन्।

जिल्लामा पछिल्लो वर्षाले नयाँ बिरुवा हुर्कन निकै मद्दत गरेको छ। केही दिनभित्रमा बिरुवामा नयाँ पालुवा फेरेका रुख लहलहाउने डिभिजन प्रमुख झाको भनाइ छ।रासस

**श्री धर्म संस्था**

**(रामस्वरुप साह, रामसागर साह)**


**मिल्स एरिया , जनकपुरधाम -१**

**सूचना ! सूचना !! सूचना !!!**

**प्रकाशित मिति २०८० साल चैत्र १५ गते बुधवार**

यस श्री धर्म संस्थाको आ.व. २०८०/०८१ को वार्षिक लेखा परीक्षण गराउनको लागि लेखा परीक्षकको आवश्यकता भएकोले श्री धर्म संस्थाको स्वीकृत विधान अनुसार लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थावाट क श्रेणीको पेशागत प्रमाण-पत्र नविकरण भएको कर चुक्ता लिएको समबन्धि व्यक्तिको लागि सूचना प्रकाशित मिति ले ७ दिन भित्र उक्त प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु साथै निजले आफनो पारीश्रमिक उल्लेख गरी शिल्ड आवेदन दिनु हुन आह्वान गरिएको छ।

**लक्ष्मण प्रसाद साह**
**सचिव**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# मदिराको मदले फेरि ज्यान लियो

जनकपुरधाममा लगातार चार दिन होली पर्व मनाइएको छ। छिटफुट सामान्य घटना बाहेक होली शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । मद्यमांसप्रतिको तृष्णाले होलीलाई बुधवारसम्म नै लम्बयाइएको थियो। तर समग्रमा त्यो उपयुक्त थिएन । हरेक हप्ता मंगलबार पर्छ । तर मंगलबारको दिन अन्य सबै कार्य नियमित रुपमा नै गरिन्छ। होली मंगलबारको दिनमा पर्दा बुधबार मनाइनु परम्परागत संस्कृतिलाई विकृत बनाउनु बाहेक केही होइन । मिथिलाको मान्यताअनुरुप मिथिला क्षेत्र र खासगरि जनकपुरधाम र वरिपरिको क्षेत्रमा होली पूर्णिमाको भोलि पल्ट मनाइँदै आएको छ। पूर्णिमाको दिन जनकपुरधाममा अन्तगृह परिक्रमा गरिने र साँझसम्म श्रद्धालुहरु घर फर्किने कारणले पनि होली अर्को दिन मनाउने चलन रही आएको छ। नेपालमा होली पूर्णिमा र त्यसको भोलिपल्ट पनि हुने सरकारले पनि मान्य गरेको छ। संघीय सरकारले दिने होलीको विदा पहाडी जिल्लामा पहिलो दिन पूर्णिमाको र तराईमा दोस्रो दिन त्यसको भोलि पल्ट दिने गरेको छ। तर जनकपुरधाममा मद्यमांस खान नै होलीलाई लम्बयाउँदा बुधबार सरकारी कार्यालयहरु खुले पनि सुनसान थियो। जनकपुरधाम उपमहानगरपालिकाले पछिल्लो समय मेयर मनोज कुमार साहले जनकपुरधामको परिक्रमा सडक क्षेत्रलाई मद्यमांस निषेधित गर्ने निरन्तर प्रयास गरिरहेका छन्। विगतमा पनि प्रयास नभएको होइन। तर होली पर्वलाई व्यवस्थित रुपमा सांस्कृतिक मान्यता अनुरुप मंगलबार नै सम्पन्न गर्नुपर्ने बुधबारसम्म लम्बयाइने समाजले परिक्रमा क्षेत्रलाई मद्यमांस निषेधित गर्न कसरी सहयोग गर्लान् ? धार्मिक नगरी जनकपुरधामको कम्तीमा परिक्रमा क्षेत्र भित्र मद्यमांस निषेध गर्न सके अझ धार्मिक र सांस्कृतिक गरिमा बढ्ने निश्चित हो । तर जनकपुरधाममा मद्यमांसप्रतिको आकर्षण बढी नै देखिएको छ । मद्यमांसको अत्यधिक सेवनका कारणले सडक दुर्घटनामा समेत केही मानिसको ज्यान गएको छ । सवारी दुर्घटनामा परेर होलीमा ज्यान गुमाउनेको कारण परिवार र समाजमा होलीको रंग नै लाग्न सकेन । होलीमा रंग अबीर सदभावपूर्ण वातावरणमा खेल्ने हो। तर मदिरालाई नै प्राथमिकतामा राखे पनि कयौं प्रकारका विकृतिहरु बढेका छन् । सुरक्षा निकाय अत्यन्त सजग र सकृय भएर पनि केही दुर्घटनाहरुलाई रोक्न सहज थिएन । मदिराले मात्तिएर सवारी साधन हाँक्ने प्रवृत्तिलाई निरुत्साहित गर्नै पर्छ । होलीलाई रंग,अबीरको त्यौहारमै सीमित राख्न आवश्यक छ। यसका लागि समाजका सबै वर्ग र समुदायले सकारात्मक रुपमा लाग्नु पर्छ।

# भयावह बन्दै सडक दुर्घटना
# पाँच वर्षमा ११ हजार बढीको मृत्यु

अच्युत रेग्मी

गत फागुन २३ गते बिहान ४.४० बजे सुलोचना सापकोटा पाठक गहिरो निद्रामा हुनुहुन्थ्यो। उहाँ आफ्नो १० वर्षको छोरालाई च्यापेर मस्त निदाइरहनुभएको थियो।

नेपाल कलेज अफ म्यानेजमेन्टमा पढाउँदै आउनुभएकी पाठक बिहान ६ बजे उठेर कलेज पढाउन जाने तरखरमा हुनुहुन्थ्यो। एकबिहानै सुलोचनाका देवरले फोन गर्नुभयो। धादिङको गजुरी गाउँपालिका-५ घाटबेँसीस्थित पृथ्वी राजमार्गमा लुम्बिनीबाट काठमाडौं आउँदै गरेको बस दुर्घटनाको खबर सुनेसँगै देवरले बुटवलबाट काठमाडौं आउँदै गरेका आफ्ना दाई प्रकाश पाठकको खबर सोध्न फोन गर्नुभएको रहेछ।

मध्यरातको २ बजे श्रीमान्सँग फोन सम्पर्क गरेर सुत्नुभएकी सुलोचना देवरको फोनसँगै आत्तिनुभयो । उहाँले श्रीमान्लाई पटकपटक फोन सम्पर्क गर्न खोज्नुभयो तर श्रीमान्को फोन लागेन । त्यसपछि तत्काल सुलोचनाका देवर, जेठाजु र आफन्त गजुरी जानुभयो । सुलोचनाको भने जाने हिम्मत बनेन। उहाँ पछि मात्र त्यहाँ पुग्नुभयो। प्रकाश पहिले पनि दुर्घटनामा पर्नुभएको थियो।

सो बस दुर्घटना हुँदा प्रकाशसहित १२ जनाको ज्यान गयो । स्थानीयवासी, आफन्तजन र प्रहरीको अथक प्रयासमा प्रकाशको शव दुर्घटना भएको ३६ घण्टापछि मात्र भेटिएको थियो । त्यो ३६ घण्टा सुलोचनाका लागि ज्यादै पीडादायी बन्यो । “प्रकाशको शवमा कुनै चोट लागेको थिएन, समयमा नै शव भेटिएको भए बचाउन सकिन्थ्यो भन्ने लाग्छ, छोराले बाबा कहिल्यै नआउने हो भनेर बेलाबेलामा सोधिरहन्छ”, सुलोचना भन्नुहुन्छ।

वित्त विषयमा एमफिल पूरा गर्नुभएकी सुलोचना विद्यावारिधिको तयारीमा हुनुहुन्थ्यो । श्रीमान्को निधनसँगै उहाँको उक्त सपनासमेत तत्कालका लागि तुहिएको छ । नेपालको ट्रेड युनियन आन्दोलनमा सक्रिय प्रकाश नेपालमा उत्पादित खाद्यान्न र तरकारीलाई विदेशसम्म लैजाने योजनाका साथ अगाडि बढ्नुभएको थियो। उहाँको निधनसँगै देशले पनि एक होनहार युवा व्यवसायी गुमाएको छ।

लुम्बिनीबाट चालक दलका सदस्यसहित ५४ यात्रु बोकेर काठमाडौं आएको लु२ख २१२१ नम्बरको बस सडकबाट अन्दाजी १०० मिटर तल त्रिशूली नदीमा खस्दा १२ जनाले ज्यान गुमाएका छन् भने ४२ जना घाइते भएका छन्।

उक्त दुर्घटना सडकको दुरावस्थाका कारण भएको प्रहरीले निस्कर्ष निकालेको छ । जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख, प्रहरी उपरीक्षक गौतमकुमार केसी सडकको जीर्ण अवस्थाका कारण गजुरीमा दुर्घटना भएको बताउनुहुन्छ । “एकातिर जीर्ण सडक र अर्कातिर क्षमताभन्दा धेरै यात्रु भएको कारण खाल्डोमा गएर बसको टायर ठोकिएको र उफ्रेर अगाडि बढ्न खोज्दा बस पल्टन गएको अनुसन्धानमा देखिएको छ”, उहाँ भन्नुहुन्छ।

यस्तै गत चैत ५ गते सोमबार रुकुम पश्चिमबाट मध्यपहाडी राजमार्ग हुँदै काठमाडौं आउँदै गरेको यात्रुवाहक बस बागलुङमा दुर्घटना हुँदा रुकुमका पत्रकार विक्रम परियारसहित नौ जनाको मृत्यु भयो । पत्रकार परियार दलित पत्रकार सङ्घको राष्ट्रिय महाधिवेशनमा सहभागी हुन गाडी चढेर काठमाडौं आउँदै हुनुहुन्थ्यो । दलित पत्रकार सङ्घको महाधिवेशनबाट केन्द्रीय सदस्य बन्ने सपनाका साथ काठमाडौं आउनुभएका पत्रकार परियारको बागलुङको निसीखोला गाउँपालिका-६ जाउलेपानीमा भएको दुर्घटनामा मृत्यु भयो।

पत्रकार परियार बुबा रनवीर र आमा रश्मीका कान्छो छोरा हुनुहुन्थ्यो । उहाँका जेठो दाइ अमृत परियार परिवारसँग दाङमा बस्दै आउनुभएको छ । बुबाको पहिले नै मृत्यु भइसकेकाले आमाको हेरचाह गरेर परियार रुकुममा बस्दै आउनुभएको थियो । दुर्घटनामा विक्रमको मृत्युसँगै आमा रश्मीको साहारा गुमेको छ। बागमती प्रदेशको ०१-००६ ख ३८७९ नम्बरको यात्रुवाहक बस निसीखोला गाउँपालिका-६ स्थित जाउलेपानीमा दुर्घटना हुँदा सात जनाको घटनास्थलमा र दुई जनाको अस्पतालमा निधन भएको थियो।

बस सडकबाट अन्दाजी एक सय ५० मिटर तल खस्दा भएको दुर्घटनामा परेर २८ जना घाइते भएका छन्। घाइतेको हाल बाग्लुङ, पोखरा र काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

गत पुस २७ गते बाँकेको नेपालगञ्जबाट काठमाडौं आउँदै भे१ख ३९१२ नम्बरको यात्रुवाहक बस दुर्घटना हुँदा १२ जनाको ज्यान गयो। राति १० बजेको समयमा दाङ देउखुरीको राप्ती गाउँपालिका-१ भालुवाङस्थित राप्ती नदीको पुलबाट बस खस्दा ती व्यक्तिहरूले ज्यान गुमाएका थिए। सोही दुर्घटनामा परेर १७ जना घाइते भएका छन्।

यसैगरी गत पुस २८ गते काठमाडौंको चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतो पहरानजिक कार दुर्घटना हुँदा एकै परिवारका पाँच जनाले ज्यान गुमाए। प्रदेश ३-०१-२३ च ६९८५ नम्बरको कार दुर्घटना हुँदा काठमाडौंको लाजिम्पाट बस्ने वरिष्ठ चिकित्सक महेशकुमार गौतम, उहाँका ससुरा ओमकारनिधि तिवारी, सासू कल्पना तिवारी, छोरा प्रियान्स र छोरी स्मारिकाको ज्यान गयो। उक्त दुर्घटना बाटोको दुरावस्थाका कारण भएको काठमाडौं प्रहरीले जनाएको छ।

माथि उल्लेखित दुर्घटना केवल प्रतिनिधिमूलक घटनामात्र हुन् । नेपालमा सवारी दुर्घटनाका कारण वार्षिक हजारौं व्यक्तिले अकालमा ज्यान गुमाउँदै आएका छन् भने हजारौं व्यक्तिहरू अङ्गभङ्ग तथा घाइते हुने गरेका छन्। सडक दुर्घटनाबाट गत पाँच वर्षमा ११ हजार तीन सय पाँच जनाले अकालमा ज्यान गुमाएका छन् भने २७ हजार सात सय २६ व्यक्ति गम्भीर घाइते भएका छन्।

प्रहरी प्रधान कार्यालयका अनुसार चालु आर्थिक वर्षको माघ मसान्तसम्म दुर्घटनाका कारण नेपालमा एक हजार तीन सय तीन जनाले अकालमा ज्यान गुमाएका छन्। यसमध्ये सबैभन्दा धेरै मधेस प्रदेशमा रहेको छ । मधेस प्रदेशमा मात्र साउनदेखि माघ मसान्तसम्म दुई सय ९० जनाले ज्यान गुमाएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकाल बताउनुहुन्छ।

यस्तै, लुम्बिनी प्रदेशमा दुई सय ६१, कोशी प्रदेशमा दुई सय १९, बागमती प्रदेशमा एक सय ७३, सुदूरपश्चिम प्रदेशमा एक सय चार, गण्डकी प्रदेशमा एक सय, काठमाडौं उपत्यकामा ९६ र कर्णाली प्रदेशमा ६० जनाले सवारी दुर्घटनाबाट ज्यान गुमाएका छन्। सोही अवधिमा २३ हजार पाँच दुर्घटना भएका छन्। दुर्घटना भएकामध्ये सबैभन्दा बढी काठमाडौं उपत्यकामा ११ हजार छ सय १९, मधेस प्रदेशमा पाँच हजार ८०, कोशी प्रदेशमा दुई हजार आठ सय ३०, बागमती प्रदेशमा एक हजार दुई सय २१, लुम्बिनी प्रदेशमा नौ सय २९, कर्णाली प्रदेशमा आठ सय छ, गण्डकी प्रदेशमा दुई सय ९२ र सुदूरपश्चिम प्रदेशमा दुई सय २८ दुर्घटना भएको प्रहरी प्रवक्ता ढकाल बताउनुहुन्छ।




चालु आवको साउनदेखि माघ मसान्तसम्म सवारी दुर्घटनाबाट तीन हजार छ सय ४३ यात्रु गम्भीर घाइते भएका छन् भने १५ हजार सात जना घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरीका अनुसार आव २०७६/७७ मा दुई हजार दुई सय ५१, आव २०७७/७८ मा दुई हजार पाँच सय, आव २०७८/७९ मा दुई हजार आठ सय ८३ र आव २०७९/८० मा दुई हजार तीन सय ६८ ले सवारी दुर्घटनाबाट ज्यान गुमाएका छन् । यस्तै आव २०७६/७७ मा चार हजार छ सय १५, आव २०७७/७८ मा छ हजार चार सय ४८, आव २०७८/७९ मा सात हजार दुई सय ८२ र आव २०७९/८० मा पाँच हजार सात सय ३८ जना सवारी दुर्घटनाबाट गम्भीर घाइते भएका छन्।

### उपत्यकामा मात्र सवारी दुर्घटनाबाट एक सय १७ को मृत्यु

सवारी दुर्घटनाबाट देशभर हजारौं व्यक्तिले अकालमा ज्यान गुमाउँदा काठमाडौं उपत्यकामा मात्र एक सय १७ जनाले ज्यान गुमाएका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले दिएको जानकारीअनुसार चालु आवको साउनदेखि फागुन मसान्तसम्म काठमाडौं, भक्तपुर र ललितपुरमा भएका विभिन्न दुर्घटनामा परेर एक सय १७ जनाले अकालमा ज्यान गुमाएका हुन्।

कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) जीवनकुमार श्रेष्ठ उपत्यकामा चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको बताउनुहुन्छ। “साँघुरो सडकमा चालकले लापरवाही गरेर सवारीसाधन चलाउँदा बढी दुर्घटना हुने गरेको देखिन्छ”, उहाँ भन्नुहुन्छ। कार्यालयका अनुसार चालु आवमा चालकको लापरवाहीबाट चार हजार तीन सय ४५, तीव्रगतिका कारण एक हजार नौ सय ४८, मादक पदार्थ सेवनका कारण चार सय ७५, यान्त्रिक गडबढीका कारण ६४, ओभरटेकका कारण ७६, सडकको अवस्थाका कारण १३ र अन्य कारण ९७ दुर्घटना भएका छन्।

### सडक दुर्घटनाका मुख्य कारण

सडक सञ्जाल थपिएसँगै नेपालमा पछिल्लो समय सवारी दुर्घटनासमेत बढ्दै गएको छ। सवारी दुर्घटना र यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि सरकारले नेपाल सरकारका पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा ‘यातायात सुधार सुझाव कार्यदल’ गठन गरेको थियो।

उक्त कार्यदलले एक वर्ष लगाएर यातायात क्षेत्रको सुधारका लागि अध्ययन गरेर गत माघमा सरकारसमक्ष प्रतिवेदनसमेत बुझाइसकेको छ। उक्त प्रतिवेदनले सडक दुर्घटनाका प्रमुख कारण पाँचवटा रहेको बताएको छ । सडक दुर्घटनाका कारणमा मानवीय कारण, सवारीसाधनको अवस्था, सडकको अवस्था, सडक प्रयोगकर्ता र मौसमको कारण रहेको बताइएको छ।

नेपालमा हुने सवारी दुर्घटनाका कारणमध्ये सवारी चालकको कारण ८८ दशमलव ३५ प्रतिशत दुर्घटना हुने गरेको छ। यस्तै सवारीसाधनको कारण दुई दशमलव ५९ प्रतिशत, यात्रुको कारण चार दशमलव २० प्रतिशत, सडकको अवस्थाका कारण चार दशमलव १२ प्रतिशत र मौसमका कारण शून्य दशमलव ७४ प्रतिशत दुर्घटना हुने गरेको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला सवारी चालकको शारिरीक र मानसिक अवस्था, ट्राफिक नियमको पालना गर्ने प्रवृत्ति र चालकको दक्षता र सीप दुर्घटनासँग प्रत्यक्ष सम्बन्धित रहने बताउनुहुन्छ। “दक्ष र सीपालु चालक अनुशासित भएर सवारी चलाउँदा दुर्घटनामा कमी आउँछ”, उहाँ भन्नुहुन्छ। यातायात व्यवस्था विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरु दुर्घटना न्यूनीकरणका लागि सरकारले पूर्वसचिव धनबहादुर तामाङको संयोजकत्वमा ‘सडक दुर्घटना अध्ययन कार्यदल’ गठन गरेर अध्ययन गरिरहेको बताउनुहुन्छ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको मन्त्रीस्तरीय निर्णयबाट गत पुस २९ गते गठन भएको उक्त कार्यदलमा सडक विभाग, यातायात व्यवस्था विभाग, नेपाल प्रहरीलगायत सरोकारवाला निकाय सदस्य छन् । उक्त कार्यदलले विगत एक-दुई महिनाभित्र नेपालका विभिन्न भागमा भएका दुर्घटनालाई विस्तृत अध्ययन गरेर अध्ययनको प्रतिवेदन र दुर्घटना न्यूनीकरणका लागि आवश्यक सुझाव सरकारलाई बुझाउनेछ।

# सौराहाको रोजगारी र आयको मुख्य स्रोत पर्यापर्यटन

भीष्मराज ओझा

सौराहामा वर्षौंदेखि ट्याम्पु चलाउँदै आउनुभएका स्थानीय केशव सिलवाल कोभिड-१९ पछि सौराहामा पर्यटन आउने क्रम बढेसँगै आफ्नो आयआर्जनमा पनि वृद्धि भएकामा खुसी हुनुहुन्छ। कोरानाकाल र त्यसपछिका दुई/तीन वर्षसम्म पनि पर्यटकको चहलपहल नहुँदा परिवार पाल्न नै धौधौ हुने गररेको स्मरण गर्दै उहाँ भन्नुहुन्छ, “अहिले स्वदेशी र विदेशी पर्यटकको आगमन बढेसँगै आम्दानी पनि बढेको छ।” उहाँ पर्यापर्यटन नै आफूहरूको जीविकोपाजर्नको आधार भएको बताउनुहुन्छ।

रत्ननगर नगरपालिका-६ सौराहाको रिभर साइडमा कोल्डस्टोरको व्यापार गर्दै आउनुभएकी सीता भट्ट पनि चितवन राष्ट्रिय निकुञ्जमा आउने पर्यटक यहाँका वन्यजन्तु, नदी, ताल, वनजङ्गल हेर्न नै आउने भएकाले तिनको संरक्षणका लागि सरोकारवाला निकायसँगै स्थानीय सबै लाग्नुपर्ने बताउनुहुन्छ। सो क्षेत्रका अधिकांश जनताको रोजगारी र आयको मुख्य स्रोत निकुञ्जको पर्यापर्यटन समेत बनेको उहाँको भनाइ छ।

मुलुकको तेस्रो पर्यटकीय गन्तव्यको रुपमा स्थापित चितवन राष्ट्रिय निकुञ्ज संरक्षित क्षेत्रमध्ये राजस्व सङ्कलनमा अब्बल बन्दै आएको छ। अपार जैविक विविधताको धनी यो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकको आकर्षकको केन्द्र हो। यो निकुञ्ज चितवन, पर्सा, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी चार जिल्लामा फैलिएर रहेको छ। निकुञ्जको राजस्व आम्दानीको प्रमुख स्रोत नै पर्यापर्यटन हो। संरक्षण क्षेत्रमा पर्यापर्यटन, काठ दाउरा र गैरकाष्ठ वन पैदावार बिक्री तथा न्यायिक दण्ड सजायलगायत शीर्षकमा राजस्व सङ्कलन गरिन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा मातहतका संरक्षित क्षेत्रबाट आर्थिक वर्ष २०७९/८० मा रु ७५ करोड ७७ लाख राजस्व सङ्कलन भएको थियो। त्यसमध्ये सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जबाट मात्र रु २८ करोड १३ लाख ७७ हजार राजस्व सङ्कलन भएको छ। चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका वरिष्ठ संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार चालु आवमा निकुञ्जमा गत फागुनसम्म दुई लाख पर्यटक प्रवेश गरेको र रु २६ करोड हाराहारी राजस्व आम्दानी भएको छ। उहाँ भन्नुहुन्छ, “पर्यटक प्रवेशबापतको राजस्व सानो अंश मात्र हो। योभन्दा कैयौं गुणा अन्य विभिन्न लाभहरू छन्, यसले समग्र मुलुकको अर्थतन्त्रलाई नै चलायमान बनाएको छ, होटल, रेष्टुराँ, पर्यटन व्यवसाय, होमस्टे, यातायातका साधनको सञ्चालन तथा स्थानीय उत्पादनको खपतले ठूलो मात्रामा रोजगारी र आम्दानी समेत सिर्जना भएको छ।”

विश्व सम्पदा सूचीमा रहेको यस निकुञ्जमा दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, जङ्गली हात्ती, गोहीलगायत वन्यजन्तु, जीप सफारी, पैदलयात्रा, डुङ्गा विहार, हात्ती सफारी, दृश्यावलोकन, स्थानीय सांस्कृतिक भेषभूषा आदि पर्यटकका मुख्य आकर्षकका केन्द्र रहेको प्रमुख संरक्षण अधिकृत पुनको भनाइ छ।

पर्यटकलाई आकर्षित गर्न वन्यजन्तु विचरन भइरहेको दृश्यावलोकनको लागि विभिन्न स्थानमा टावर निर्माण, जीप सफारी, पैदलयात्रा, डुङ्गा विहार, हात्ती सफारी आदि सेवा उपलब्ध गराइएका छन्। “यसबाहेक सौराहा सङ्ग्रहालय, गोही संरक्षण तथा प्रजनन् केन्द्र, हात्ती प्रजनन् केन्द्र, थारु सांस्कृतिक सूचना केन्द्रको स्थापना, होमस्टेको सुरुआत र सञ्चालनले पर्यापर्यटन व्यवसाय प्रवर्द्धनमा टेवा पुगेको छ”, उहाँ भन्नुहुन्छ।

एकसिङ्गे गैँडा, पाटेबाघ, गौरीगाई, जङ्गली हात्ती तथा घडियाल गोही यस निकुञ्जमा पाइने दुर्लभ वन्यजन्तु हुन्। दुर्लभ एकसिङ्गे गैँडा तथा पाटेबाघको मुख्य बासस्थानको रुपमा रहेको यो निकुञ्ज नेपालको पहिलो निकुञ्ज हो। निकुञ्जमा स्तनधारी, पन्छी, घस्रने, उभयचर, माछा, गौर, घडियाल गोहीलगायत विविध प्रजाति र वनस्पतिका साथै ठूला घाँसे मैदान, ताल र सिमसार छन्। निकुञ्जको करिब ७० प्रतिशत वन क्षेत्र सालको जङ्गलले ढाकेको छ। विसं २०३० असोज ४ गते स्थापना भएको यस निकुञ्जको क्षेत्रफल ९५२.६३ वर्ग किमी रहेको छ भने मध्यवर्ती क्षेत्रको क्षेत्रफल ७२९.३७ वर्ग किमी रहेको छ।

क्षेत्रीय होटल सङ्घ नेपाल चितवनका अध्यक्ष गङ्गा गिरीका अनुसार सौराहा विभिन्न होटलमा चार हजार ८०० भन्दा बढीले रोजगारी पाएका छन्। “रोजगारी पाएका व्यक्तिका परिवारदेखि स्थानीय कृषि उत्पादन बिक्री वितरण र अन्य विभिन्न कार्यबाट थप हजारौंले रोजगारी पाएका छन्”, उहाँ भन्नुहुन्छ। सौराहा क्षेत्रमा मात्रै १६८ पर्यटकीय होटल छन्।

अध्यक्ष गिरी चितवनलाई विश्वले चिनेको कारण नै निकुञ्ज भएको बताउँदै यहाँ पर्यटकको मुख्य आकर्षक निकुञ्ज र यसमा रहेका वन्यजन्तु नै भएको उल्लेख गर्नुहुन्छ। “यहाँको पर्यापर्यटन वन्यजन्तुसँग सम्बन्धित छ, संरक्षण गर्न वन्यजन्तुको बासस्थानको थप सुरक्षा र प्रवर्द्धन आवश्यक छ”, उहाँ भन्नुहुन्छ, “चोरी शिकार नियन्त्रणका लागि सुरक्षा पोष्ट वृद्धि गर्नुपर्ने देखिएको छ। निकुञ्जको दिगो व्यवस्थापनका लागि स्थानीयमा जनचेतना र वैकल्पिक आयआर्जनका अवसर प्रदान गर्नुपर्छ।” पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रसँगै राज्यले पनि पर्यापर्यटन विविधिकरणका लागि लगानी बढाउनुपर्ने अध्यक्ष गिरीको सुझाव छ।

पछिल्लो तथ्याङ्कअनुसार नेपालमा कूल ७५२ गैँडा रहेकामा यस निकुञ्जमा सबैभन्दा धेरै छ सय ९४ रहेका छन्। यस्तै नेपालमा कुल पाटे बाघको सङ्ख्या तीन सय ५५ रहेकामा यस निकुञ्जमा एक सय २८ वयस्क बाघ रहेको निकुञ्जको तथ्याङ्क छ। निकुञ्ज क्षेत्रभित्र एक सय नौ र मध्यवर्ती क्षेत्रमा २१ गरी एक सय ३० साना ठूला ताल र घोल छन् भने नारायणी, राप्ती र रीउ नदी तथा स-साना खोल्सा रहेका छन्। अनुपम भौगोलिक बनावट तथा अद्धितीय जैविक विविधताले भरिपूर्ण यो निकुञ्ज २०४१ सालमा विश्व सम्पदा सूचीमा सूचीकृत भएको थियो।

सौराहाका स्थानीय सुनिमा चौधरी निकुञ्जको पर्यापर्यटनले गर्दा नै घरआँगनमै रोजगारीका अवसर प्राप्त भएको बताउनुहुन्छ। “आफ्नो योग्यता र सीपअनुसारको आयआर्जन गर्ने अवसर सिर्जना भएको छ। अर्कोतिर कृषि उत्पादनले बजार पाएको छ। गाउँगाउँमा बजारीकरण भएको छ। यसले स्थानीय जनतामा निकुञ्जको संरक्षणप्रति अपनत्वको अनुभव समेत भएको छ”, उहाँ भन्नुहुन्छ।

यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्यअन्तर्गत जैविक विविधता संरक्षण, वन्यजन्तुको बासस्थान व्यवस्थापन, प्रजाति संरक्षण तथा व्यवस्थापन, पूर्वाधार विकास निर्माण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन्यजन्तुको चोरी शिकार नियन्त्रण, स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकास, पर्या-पर्यटन प्रवर्द्धन, मध्यवर्ती सामुदायिक वन व्यवस्थापन, प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणलगायत गतिविधि सञ्चालन हुँदै आएका छन्। यसमा निकुञ्ज र सम्बन्धित कर्मचारी, नेपाली सेना, उपभोक्ता समिति, दातृ निकाय तथा साझेदार संस्था, संरक्षणकर्मी स्थानीयलगायत सरोकारवालाको योगदान छ।

निकुञ्ज र मध्यवर्ती क्षेत्रको संरक्षण एवं विकासका लागि विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, जिओलोजिकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपाल मुख्य साझेदारका रुपमा रहेका छन्। नेपाल सरकारले डब्लुडब्लुएफ नेपालको आर्थिक सहयोगमा तराई भू-परिधि कार्यक्रममार्फत विभिन्न कार्यक्रम सञ्चालन गरेको छ।

नेपालमा संरक्षित क्षेत्रहरू आन्तरिक तथा बाह्य पर्यटकको लागि प्रमुख गन्तव्य स्थानको रुपमा रहेका छन्। आव २०७९/८० मा संरक्षित क्षेत्रमा भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या नौ लाख ३२ हजार पाँच सय ३२ रहेको छ। चितवनमा मात्र दुई लाख ९२ हजार ३९२ पर्यटकले भ्रमण गरेका थिए। त्यसमध्ये नेपाली दुई लाख एक हजार आठ सय ८१, सार्क मुलुकका ३५ हजार सात सय ११ र विदेशी ५४ हजार आठ सय पर्यटक रहेका छन्। नेपालमा आउने पर्यटकको ६० प्रतिशत पर्यटकले संरक्षित क्षेत्रको भ्रमण गर्ने गरेका छन्।

निकुञ्जको सौराहा, घटगाई, कसरा, वनकट्टा, मेघौली, कुजौली लौखानी र अमलटारी गरी नौ स्थानबाट पर्यटकलाई निकुञ्ज प्रवेश गर्ने सुविधा दिइएको छ। सौराहा प्रवेशद्वारबाट सबैभन्दा बढी ९०.८० प्रतिशत पर्यटक निकुञ्जभित्र प्रवेश गर्ने गरेका छन्। निकुञ्जको मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका निवर्तमान अध्यक्ष वासु ढुङ्गाना निकुञ्जकै कारण यस क्षेत्रमा प्रत्यक्ष रोजगारीका साथै किसानले उत्पादन बिक्री गर्न पाएक बताउनुहुन्छ।

“स्वरोगारका सम्भावना पनि बढेका छन्। यस क्षेत्रको ८०/९० प्रतिशत रोजगारीका सिर्जनाको आधार नै पर्यापर्यटन हो। नमूना जैविक विविधता नै पर्यटकको आकर्षणका आधार हुन्”, उहाँ भन्नुहुन्छ। निकुञ्जको दिगो व्यवस्थापन लागि वातावरणमैत्री पूर्वाधार निर्माण आवश्यकतामा जोड दिँदै अध्यक्ष ढुङ्गाना यसका लागि तीनै तहका सरकारबीचको समन्वयमा दीर्घकालीन योजना बनाउनुपर्ने सुझाव दिनुहुन्छ।

यस निकुञ्जमा गैँडा, पाटेबाघ, सोस, गौरीगाई, काठे भालु, चितुवा, रतुवा, चित्तल, लगुना, जरायो, चौसिंगे, बाँदर र लङ्गुरलगायत ६० भन्दा बढी किसिमका स्तनधारी जङ्गली जनावर पाइन्छन्। यसैगरी घडियाल गोही, मगर गोही, अजिङ्गरलगायत सरिसृप तथा उभयचर, बसाइसरी आएका र रैथाने गरी पाँच सय ४६ भन्दा बढी जातका चराचुरुङ्गी र विभिन्न किसिमका कीरा फट्याङ्ग्राले यस निकुञ्जलाई अझ धनी बनाएका छन्।

# स्वास्थ्यमन्त्री यादवलाई रास्वपाको २६ बुँदे सुझाव



**काठमाण्डु** । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्वास्थ्य विभागले बिहीबार स्वास्थ्य क्षेत्रमा सुधारका लागि स्वास्थ्य मन्त्रालयमा उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवसमक्ष २६ बुँदे सुझावपत्र पेश गरेको छ । प्रतिनिधिसभा सदस्य तथा रास्वपाका स्वास्थ्य विभाग प्रमुख डा तोसिमा कार्की नेतृत्वको टोलीले उक्त सुझावपत्र दिएको हो ।

आपतकालीन स्वास्थ्यसेवालाई राज्यको पूर्ण दायित्वभित्र पार्नुपर्ने, स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्दै यसलाई सशक्त, सहज र पारदर्शी बनाउनुपर्ने, उपचार तथा स्वास्थ्य सेवामा शुल्क निर्धारणका विषयमा पुनरावलोकन हुनुपर्ने, चिकित्सक तथा स्वास्थ्य मानव स्रोतको सुनिश्चित व्यवस्थापन गर्न जति सक्दो छिटो आवश्यक दरबन्दी सिर्जना गर्नेलगायतका बुँदा सुझावपत्रमा समेटिएको छ ।

त्यसैगरी रास्वापाले अस्पताल तथा स्वास्थ्य संस्थामा खरिद गरिएका उपकरणको अवस्था बुझ्न, स्वास्थ्य क्षेत्रका नियमनकारी निकायलाई थप सक्रिय गराई समन्वयात्मक ढाँचामा स्वास्थ्यसेवा प्रदायकको अनुगमन र नियमनलाई तीव्र बनाइनुपर्ने र दीर्घकालीन रुपमा सबै नियामक गाभी 'स्वास्थ्यसेवा नियमन परिषद्' गठन गर्नुपर्ने सुझाव दिएको छ ।

सुझाव पेश गर्दै डा कार्कीले भन्नुभयो, "हामीसँग स्वास्थ्य क्षेत्रमा काम गर्ने विज्ञको टोली छ । स्वास्थ्यका विषयमा हामीले गृहकार्य गरेका छौँ । हामी सहयोग र सहकार्य गर्न तयार छौँ ।"

सुझावपत्र बुझ्दै स्वास्थ्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रमा थुप्रै सुधारको आवश्यकता रहेको उल्लेख गर्दै भन्नुभयो, "मुख्य कुरा त अस्पतालमा आम नागरिकले राम्रो स्वास्थ्य सेवा पाउनुपर्‍यो ।

उपकरण र जनशक्तिको आवश्यकता रहेको छ ।" उहाँले दिइएका सुझावलाई अवलम्बन गर्दै आवश्यक परेका बेलामा सहयोग माग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विभागका सल्लाहकार डा सुवास प्याकुरेलले स्वास्थ्य क्षेत्र कसरी नागरिक तथा बिरामीमैत्री बनाउनेलगायतका विषयमा सुझाव दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य क्षेत्रको गुणस्तरीयतामा सम्झौता गरिनुहुन्न । स्वास्थ्य क्षेत्रलाई तथ्याङ्क केन्द्रित बनाउन आवश्यक छ । रगत व्यवस्थापन र एम्बुलेन्सको गुणस्तरलगायत बुँदाबारे चर्चा गरेका छौँ ।"

चिकित्सक, स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थाको सुरक्षाका सन्दर्भमा विद्यमान कानुनलाई कडाइका साथ लागु गनुपर्ने, औषधि उत्पादनमा गुणस्तर सुनिश्चित हुने गरी नीति परिमार्जन गरिनुपर्ने, अनलाइन टिकटको व्यवस्था, इ-फलो अप, टेलिमेडिसिन, डिजिटल हेल्थ कार्डजस्ता सेवामुखी प्रविधिलाई उच्च प्राथमिकताका साथ प्रवर्द्धन गर्नुपर्नेलगायतका बुँदा सुझावपत्रमा समेटिएका छन् ।

विभागका उपप्रमुख डा पुष्पमणि खरालले दरबन्दीमा जोड दिँदै भन्नुभयो, "दरबन्दी बढाउनका लागि सङ्घीय सरकार अग्रसर हुनुपर्छ । विदेशमा रहेका स्वास्थ्यकर्मीलाई नेपालमै बसेर काम गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।" रासस

# निराशा चिर्ने र भरोसा जगाउने चुनौती छ : प्रधानमन्त्री



**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सबै सङ्घर्ष र आन्दोलनबाट प्राप्त दूरगामी महत्वका उपलब्धिको रक्षा गर्दै निराशा चिर्ने र भरोसा जगाउने कार्य सरकारको मुख्य चुनौती भएको बताउनुभएको छ ।

सिंहदरबारमा विहीबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५२ औँ बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले जनतामा भरोसा जगाउनेगरी सेवा प्रवाहमा ध्यान दिन निर्देशनसमेत दिनुभयो । "समाजमा विशेषतः युवाहरूमा प्रकट भइरहेको नैराश्यता र नकारात्मक सोचमा परिवर्तन गर्नुछ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सबै सङ्घर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्त्वका उपलब्धिको रक्षा गर्दै निराशा चिर्ने र भरोसा जगाउने कार्य सरकारको मुख्य चुनौती हो, यसको सामना गर्नुछ ।"

अनुगमन तथा मूल्याङ्कनलाई थप वस्तुनिष्ठ, प्रभावकारी, नतिजामूलक बनाउनुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजना र पहिलो प्राथमिकता प्राप्त ठूला आयोजनाको निर्धारित लागत र समयसीमाभित्रै सम्पन्न गर्नुपर्ने बताउनुभयो । उहाँले राष्ट्रिय योजना आयोगको संयोजकत्वमा आयोजनाको संयुक्त अनुगमनमार्फत प्राप्त पृष्ठपोषणलाई तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाउन निर्देशन दिनुभयो ।

स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन गर्नका लागि आयोजनाको प्राथमिकता निर्धारण गर्न आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० लाई समसामयिक संशोधन गरिएको जानकारी दिँदै प्रधानमन्त्रीले भन्नुभयो, "आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० कार्यान्वयनमा ल्याइएको छ । यसको प्रभावकारी कार्यान्वयनबाट आयोजना व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास छु ।"

सीमित स्रोत साधन र असीमित आवश्यकताबीच सामञ्जस्यता कायम गर्दै विद्यमान आर्थिक शिथिलतालाई चलायमान गराउन आगामी बजेटमा राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र पहिलो प्राथमिकता प्राप्त आयोजनाको प्रगति र प्रतिफलका आधारमा प्राथमिकीकरण गरी बजेट विनियोजन गरिने स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले पूर्वाधार विकासमा रहेको दोहोरोपन र भौगोलिक तथा प्रादेशिक असुन्तलन हटाउने गरी बजेट तयारी र कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# विकास निर्माणका क्षेत्रमा धेरै काम गर्न बाँकी छ : प्रधानमन्त्री

**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चालु आर्थिक वर्षमा विकास निर्माणका क्षेत्रमा अपेक्षाअनुसार धेरै काम गर्न बाँकी रहेको बताउनुभएको छ । सिंहदरबारमा विहीबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५२औँ बैठकलाई सम्बोधन गर्दै उहाँले सुशासनका क्षेत्रमा नयाँ काम थालनी गरेको तर विकास निर्माणका क्षेत्रमा अझै मेहनत गर्नुपर्ने बताउनुभयो ।

"चालु आर्थिक वर्षको यस अवधिमा हामीले खासगरी जनतालाई सेवा प्रवाह गर्ने क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्न सफल भएका छौँ, सुशासनको क्षेत्रमा पनि नयाँ पहल अघि बढाइएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "तर, विकास निर्माणको क्षेत्रमा भने अपेक्षाअनुसार धेरै काम गर्नुपर्ने तथ्य आजको प्रगति विवरणले देखाएको छ ।"

राष्ट्रिय योजना आयोगले १६औँ योजना तर्जुमाको कार्य अन्तिम चरणमा पुर्‍याएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीलाई समाधन गरी 'सुशासन, सामाजिक न्याय र समृद्धि'को लक्ष्य अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले बदलिँदो परिवेशमा गत हप्ता घोषणा गरिएको सरकारका नीतिगत प्राथमिकता र साझा सङ्कल्प आवधिक योजनाले समावेश गर्न आवश्यक छ भन्नुभयो ।

प्रधानमन्त्री दाहालले आगामी आवदेखि कार्यान्वयनमा आउने १६औँ योजनालाई कार्यान्वयनयोग्य तथा रूपान्तरणकारी बनाउन निर्देशन दिनुभयो ।

समितिको ५२औँ बैठकमा आव २०८०/८१ को पहिलो ६ महिनामा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा प्रदेश सरकारबाट भए गरेका कामकारबाहीको समीक्षा प्रस्तुत गरिएको छ ।

उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, मुख्यमन्त्रीहरूलगायत उपस्थित विभिन्न व्यक्तिले आफ्ना भनाइ, राय प्रतिक्रिया राख्नुभएको थियो ।

# गुणस्तरीय शिक्षाका लागि स्थानीय तहले लैङ्गिकमैत्री बजेट ल्याउनुपर्छ : मन्त्री चौधरी




**काठमाण्डु** । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले गुणस्तरीय शिक्षाका लागि स्थानीय तहले समावेशी र लैङ्गिकमैत्री बजेट ल्याउनुपर्नेमा जोड दिनुभएको छ ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले विहीबार यहाँ आयोजना गरेको 'समावेशी र गुणस्तरीय शिक्षा'सम्बन्धी सम्मेलनको उद्घाटन गर्दै मन्त्री चौधरीले सोका लागि सङ्घीय सरकारले आवश्यक सहजीकरण गर्ने बताउनुभयो ।

उहाँले सामुदायिक विद्यालयको पूर्वाधार निर्माण गर्दा बालबालिका, लैङ्गिक तथा अपाङ्गतामैत्री हुनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री चौधरीले घर तथा विद्यालयमा स्वस्थ खाना, स्वच्छ पिउने पानीका साथै किशोरीहरू महिनावारी हुँदा सरसफाइलगायत विषयमा ध्यान दिन आग्रह गर्नुभयो ।

मन्त्री चौधरीले महिला, बालबालिका र शिक्षाका क्षेत्रमा अन्तरमन्त्रालयगत समन्वय र सहजीकरण आवश्यक रहेको भन्दै संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० मा सरोकारवाला पक्षका सुझावलाई समेट्न सरकारले पहल गर्ने विश्वास दिलाउनुभयो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले गुणस्तरीय शिक्षाका लागि समावेशी र लैङ्गिकमैत्री बजेट, नीति र संरचनाका लागि सरकार र सम्बन्धित पक्षको ध्यान पुग्नुपर्ने बताउनुभयो ।

गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामा र कीर्तिपुर नगरपालिकाका उपप्रमुख सुभलक्ष्मी शाक्यले स्थानीय तहले प्राप्त स्रोत र साधनको सिमाभित्र रहेर समावेशी र लैङ्गिकमैत्री बजेट ल्याई शिक्षाको पहुँचमा आउन नसकेका सीमान्तकृत समुदाय र आपाङ्गता भएका बालबालिकाका हितमा काम गर्दै आएको बताउनुभयो ।

एनसिई नेपालका अध्यक्ष राजेन्द्र पहाडीले 'गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा सम्भव छ' भन्ने उद्घोषका साथ शिक्षामा कार्यरत नागरिक क्षेत्रका सङ्घसंस्थाले निरन्तर वकालत गर्दै आएका बताउनुभयो ।

उहाँले राज्यका सरोकारवाला निकायले पनि नागरिकका आवाजलाई सुनुवाइ गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्मेलनमा स्थानीय तहका जनप्रतिनिधि, सरकारी कर्मचारी, शिक्षाविद्, शिक्षक, अभिभावक, समुदायमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिलगायतको सहभागिता छ । रासस

# ज्येष्ठ नागरिक सरोकार केन्द्रले गरेको काम प्रभावकारी छ : मन्त्री शर्मा



**घोराही** । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बदलिँदो समाजको विकाससँगै ज्येष्ठ नागरिक पछिल्लो समय एक्लिदै गएका बताउनुभएको छ ।

घोराही उपमहानगरपालिका-१६ तेरौंटेमा रहेको ज्येष्ठ नागरिक सरोकार केन्द्रमा विहीबार भएको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले ज्येष्ठ नागरिकका लागि केन्द्रले गर्दै आएको काम निकै प्रभावकारी रहेको बताउनुभयो । उहाँले यसलाई अझ व्यवस्थित गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा मन्त्री शर्माले समयको व्यस्तताले परिवारबाट एक्लिएका ज्येष्ठ नागरिकलाई केन्द्रले दिएको आवासीयसहितको सेवाले उहाँहरूलाई जीवनयापनमा निकै सहज भएको धारणा राख्नुभयो ।

कतिपय अवस्थामा कामको व्यस्तता र जिम्मेवारीका कारण एउटै परिवार पनि छुट्टिएर बस्नुपर्ने अवस्था रहेको भन्दै मन्त्री शर्माले ज्येष्ठ नागरिक एक्लिरहेको बताउनुभयो । ज्येष्ठ नागरिकलाई पालनपोषण र हेरविचार गर्नुपर्ने परिवारको दायित्व भए पनि पछिल्लो समय कतिपय ठाउँमा विभेद गरेको र आश्रममा लगेर छाडेका घटना आउने गरेका उल्लेख गर्दै उहाँले त्यस्ता घटनालाई रोकेर सकेसम्म परिवारमै माया ममता दिएर राख्न आवश्यक रहेको बताउनुभयो ।

# मन्त्री चौधरी र राजदूत हेक्काबीच भेटवार्ता

**काठमाण्डु** । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरी र नेपालका लागि फिनल्याण्डका राजदूत रिना रिक्का हेक्काबीच भेटवार्ता भएको छ । सिंहदरबारमा विहीबार भएको शिष्टाचार भेटवार्तामा उहाँहरूबीच दुई देशबीचको सम्बन्ध विस्तार, महिला, बालबालिका, ज्येष्ठ नागरिक र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका विषयमा सहकार्यबारे छलफल भएको थियो ।

सो अवसरमा मन्त्री चौधरीले सन् १९७४ सेप्टेम्बर २१ तारिखमा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशबीचको सम्बन्ध सुमधुर रहेको चर्चा गर्दै नेपालले फिनल्याण्डसँगको मित्रता, सौहार्दता र सहयोगमा आधारित सम्बन्धलाई निकै महत्व दिएको बताउनुभयो ।

मन्त्री चौधरीले सामाजिक-आर्थिक स्थिति, विशेष गरी नेपालको ग्रामीण समुदायको उत्थान गर्ने प्रयासमा फिनल्याण्डको सहयोग नेपालका लागि फलदायी हुने विश्वास व्यक्त गर्दै कोभिड-१९ को कठिन समयमा नेपाललाई सहयोगका हात बढाएकामा फिनल्याण्ड सरकार र जनतालाई धन्यवाद दिनुभयो ।

नेपाल सन् २०२६ मा अल्पविकसितबाट स्तरोन्नति भई सन् २०३० सम्ममा मध्यम आय भएको मुलुक बन्ने लक्ष्यमा रहेको उल्लेख गर्दै मन्त्री चौधरीले दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपाल प्रयासरत रहेको बताउनुभयो । "फिनल्याण्डले विभिन्न बहुपक्षीय फोरमहरूमा नेपालसँगै जलवायु परिवर्तनका वकालत गरेकामा धन्यवाद दिन चाहन्छु", उहाँले भन्नुभयो ।

भेटमा राजदूत हेक्काले नेपाल र फिनल्याण्डबीचको सम्बन्ध प्रगाढ बनाउन द्विपक्षीय विकासका लागि सहकार्य गरेर जाने बताउनुभएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ । रासस


## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

प्रकाशित मितिः २०८०/१२/१६

प्रस्तुत विषयमा यस कार्यलयबाट मिति २०८०/१०/२३ B.S. (6th February 2024 AD) गते डेली एक्सप्रेस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तथा www.bolpatra.gov.np/egp मा e-Submission मार्फत Supply and Delivery of Sanitary Paid कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाता न्यून्तम मूल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना जारी गरिएको छ ।

तपसिलः

| सि. नं. | खरिद नं/ठेक्का नं. | योजनाको नाम | स्वीकृत फर्मको नाम, ठेगाना | क्बोल अङ्क (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/GOODS/ LM/2080/81/02 | Supply and Delivery of Satitary Pad | Angle touch Hygiene Manufacturing Pvt.Ltd., Lalitpur-18, Lalitpur | Nrs. 10,82,073.72 | न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र |

प्रमुख प्रशासकीय अधिकृत

# युक्रेनी विदेशमन्त्री भारत भ्रमणमा, शान्ति सूत्रमा विशेष ध्यान दिइने

**एएनआई**

नयाँदिल्ली । भारत-युक्रेन दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई प्रगाढ बनाउन युक्रेनका विदेशमन्त्री बिहीबार भारत आइपुग्नुभएको छ । दुई दिने औपचारिक भ्रमणका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीचको वार्ताको वातावरण बढाउने उहाँले बताउनुभएको हो ।



"डा. एस जयशङ्करको निमन्त्रणामा म भारत भ्रमणमा आएको हो । युक्रेन-भारत सहकार्य महत्वपूर्ण छ र यसलाई हामी अझ सशक्तरुपमा अघि बढाउन चाहन्छौं । प्रधानमन्त्री मोदी र राष्ट्रपति जेलेन्स्कीबीच मार्च २० मा भएको टेलिफोन सम्वादका आधारमा हामी शान्ति सूत्रमा विशेष ध्यान दिनेछौं," कुलेबाले भन्नुभयो । भ्रमणका क्रममा द्विपक्षीय सम्बन्धका साथै पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दामा सहकार्यबारे छलफल गरिने उहाँले बताउनुभयो ।

प्रधानमन्त्री मोदी र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच मार्च २० मा भएको टेलिफोन वार्ताको केही दिन पश्चात विदेशमन्त्री कुलेबा भारत भ्रमणमा आउनुभएको हो । उक्त वार्तामा उहाँहरूले विभिन्न क्षेत्रमा भारत-युक्रेन साझेदारीलाई अझ सुदृढ पार्ने योजनाबारे छलफल गर्नुभएको थियो ।

हाल चलिरहेको रुस-युक्रेन द्वन्द्वबारे छलफलमा प्रधानमन्त्री मोदीले भारतको जनकेन्द्रित दृष्टिकोणलाई दोहोर्याउँदै वार्ता र कूटनीतिलाई आगाडि बढाउन आह्वान गर्नुभएको थियो । उहाँले दुई देशबीचका सबै मुद्दाहरुको चाँडो र शान्तिपूर्ण समाधानका लागि गरिने सबै प्रयासलाई भारतले समर्थन र सहयोग गर्ने बताउनुभयो ।

राष्ट्रपति जेलेन्स्कीले युक्रेनका जनताको लागि भारतको निरन्तर मानवीय सहयोगको प्रशंसा गर्दै रुस विरुद्धको युद्धका बीच किएभको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको लागि भारतको समर्थनप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो । उहाँले शान्ति सुरक्षा बैठकमा भारतको सहभागीता युक्रेनका लागि महत्वपूर्ण रहेको बताउनुभयो ।

"स्विट्जरल्याण्मा हुन लागेको शान्ति शिखर सम्मेलनमा भारतको सहभागीता हाम्रा लागि महत्त्वपूर्ण हुनेछ," जेलेन्स्कीले भन्नुभयो ।


राष्ट्रपति जेलेन्स्कीले अन्तर्राष्ट्रिय शान्ति शिखर सम्मेलनको लागि आह्वान गर्नुभएको थियो र स्विट्जरल्याण्डले यस वर्षको सुरुमा बैठकको आयोजना गर्ने बताएको थियो ।

जेलेन्स्कीले गत वर्ष इन्डोनेसियाको बालीमा भएको जी-२० शिखर सम्मेलनमा विश्वका नेताहरुलाई युक्रेनको १० बुँदे शान्ति सुत्र प्रस्तुत गर्नुभएको थियो ।

सो सुत्रमा आणविक सुरक्षा र खाद्य सुरक्षाको मार्ग, कथित रुसी युद्ध अपराधका लागि विशेष न्यायाधिकरण र मस्कोसँग अन्तिम शान्ति सन्धीका विषय समावेश रहेका छन् ।

# नेपाल 'ए' सिरिजको खेल तालिका परिवर्तन

**काठमाण्डु** । नेपाल क्रिकेट संघ (क्यान) ले वर्षाका कारण विहीबार हुने भनिएको टि२० खेल रद्द भएपछि आयरल्यान्ड वल्भ्सविरुद्ध सिरिजको खेल तालिका परिवर्तन गरेको छ ।




लगातार वर्षाका कारण मैदान भिजेपछि टियु अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा पहिलो खेल रद्द भएको थियो ।

क्यानले खेल तालिका परिवर्तन गर्दै शुक्रबारदेखि टि२० सिरिज सुरु हुने बताएको छ ।

दुवै टि२० र एकदिवसीय सिरिजमा ३-३ खेल आयोजना गर्ने लक्ष्यसहित नयाँ तालिका सार्वजनिक गरिएको छ ।

**नेपाल 'ए' टि२० टोली** : विनोद भण्डारी (कप्तान), लोकेश बम, देव खनाल, पवन सर्राफ, किरण ठगुन्ना, आरिफ शेख, अर्जुन घर्ती, नारायण जोशी, बसिर अहमद, राशिद खान, सागर ढकाल, विपिन खत्री, कमल सिंह ऐरी, हेमन्त धामी, विकास आग्री

**नेपाल ए एकदिवसीय टोली** : विनोद भण्डारी, अर्जुन कुमाल, देव खनाल, नरेन भट्ट, भीम सार्की, अर्जुन साउद, आरिफ शेख, बसिर अहमद, कमल सिंह ऐरी, साहब आलम, रंजित कुमार, रुपेश सिंह, रिजन ढकाल, विकास आग्री, मौसम ढकाल

**आयरल्यान्डको टोली** : निल रक (कप्तान), रस अडेर, केड कारमाइकल, ग्यारेथ डेल्नी, स्टेफन डोहेनी, म्याथ्यु फोस्टर, फिओन ह्यान्ड, ग्याभिन होए, म्याथ्यु हम्फ्रिज, टम मेयस, लियाम मकार्थी, जेम्स मक्कोलम, पिजे मुर, मोर्गन टपिङ, बेन व्हाइट

# भारत–चीनबीच लद्दाख समेतका सीमा क्षेत्रमा तनाब कम गर्न सहमति

**एएनआई**

नयाँदिल्ली । भारत र चीन बीचको उत्तर पश्चिमी क्षेत्रमा देखिएको सीमा विवाद र त्यहाँ उत्पन्न असमझदारीका विषयलाई लिएर दुबै देशका कुटनीतिक अधिकारीहरुबीच बेइजिङमा वार्ता भएको छ ।



भारतको विदेश मन्त्रालयव्दारा जारी विज्ञप्तिमा दुई देशका अधिकारीहरुबीच बुधबार बेइजिङमा २९औं बैठक बसेको र सीमा क्षेत्रमा देखिएको तनाव मत्थर बनाउनेतर्फ वार्ता सकारात्मक भएको जनाइएको छ ।

वार्ताका लागि भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतीय विदेश मन्त्रालयका सहसचिवले गर्नु भएको थियो भने चीनका तर्फबाट चिनियाँ विदेश मन्त्रालयको सीमा मामिलासम्बन्धी महानिर्देशकले गर्नु भएको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा दुवै पक्षले सीमा क्षेत्रमा देखिएको तनावलाई पूर्ण रुपमा मत्थर बनाउनेतर्फ गम्भीर विचारविमर्श गरेका र दुई देशको सीमारेखा "लाइन–अफ–एक्चुअल कन्ट्रोल" (एलएसी) का सन्दर्भमा बाँकी रहेका मुद्दाहरु सुल्झाउने विषयमा छलफल भएको उल्लेख छ ।

बैठकपछि सीमावर्ती क्षेत्रमा शान्ति कायम गर्नेतर्फ कूटनीतिक र सैनिक सम्वाद सुरु गर्न दुबै पक्ष सहमत भएका छन्, भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

"तत्कालका निम्ति, दुबै पक्षले कूटनीतिक र सैनिक तहबाट निरन्तर सम्पर्क र संवाद गर्न सहमति जनाएका छन् । विद्यमान व्दिपक्षीय सम्झौता बमोजिम सीमाक्षेत्रमा शान्ति कायम गर्न सहमति भएको छ," मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।

दुबै देशबीचको २८औँ वार्ता यसअघि गत नोभेम्बरमा सम्पन्न भएको थियो । उक्त वार्तामा दुबै पक्षले एलएसीको परिस्थितिका बारेमा समीक्षा गर्नुका साथै एलएसी समेत पूर्वी लद्दाखको सीमाक्षेत्रमा शान्तिपूर्ण अवस्था बहाल गर्नेबारेमा खुला, रचनात्मक र गम्भीर विचारविमर्श भएको छ ।

यसैबीच, भारतले अरुणाचल प्रदेशका सम्बन्धमा चीनले गरेको दाबीलाई आधारहीन तर्क भन्दै अस्वीकार गरेको छ ।

मार्च १९ मा सार्वजनिक भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा अरुणाचल प्रदेशका जनताले भारतीय विकास कार्यक्रम तथा पूर्वाधार परियोजनाबाट अत्यधिक लाभ लिइरहेको उल्लेख छ ।

# बङ्गलादेशकी पूर्वप्रधानमन्त्री जियाको जेल सजाय थपियो



**सिन्ह्वा**

ढाका । बङ्गलादेश सरकारले पूर्वप्रधानमन्त्री खालेदा जियाको जेल सजायलाई अर्को छ महिना थप गरेको छ ।

बङ्गलादेशको गृह मनत्रालयले बुधबार एक सूचना जारी गर्दै जेल सजाय थप गरिएको जनाएको छ ।

मन्त्रालयले थप गरिएको अवधिमा खालेदा जियाले आफ्नो मुलुक छाड्न पाउनु हुने छैन ।

मन्त्रालयले खालेदाले बङ्गलादेशमै स्वास्थ्योपचार गर्नुपर्ने पनि जनाएको छ ।

सन् २०२० यता पूर्वप्रधानमन्त्री खालेदाको जेल सजाय थप गरिएको यो छैटौं पटक हो । कोभिड महामारीको समयमा मानवीय कारण देखाउँदै बङ्गलादेश सरकारले सन् २०२० मार्चमा अस्थायी प्रयोजनका लागि जियालाई जेलमुक्त गरिदिएको थियो ।

बङ्गलादेश नेसन्लिस्ट पार्टीका अध्यक्ष समेत रहनु भएकी पूर्वप्रधानमन्त्री जिया सन् २०१८ देखि जेलमा रहनु भएको छ ।

बङ्गलादेशको एक अदालतले उहाँमाथि विदेशबाट प्राप्त सहायता रकम हिनामिना गरेको आरोपमा सात वर्षको जेल सजाय तोकेको थियो ।

खालेदामाथिको जेल सजाय राजनीतिक प्रेरित रहेको विपक्षी दलले आरोप लगाउँदै आएको छ ।

# रनको वर्षा भएको खेलमा हैदराबादद्वारा मुम्बई पराजित

**एजेन्सी** - कीर्तिमानी योगफल सहित रनको वर्षा भएको खेलमा सनराईजर्स हैदराबादले मुम्बई इन्डियन्स विरुद्ध जित दर्ता गरेको छ । हैदराबादले मुम्बई माथि ३१ रनको जित निकालेको हो ।



घरेलु मैदानमा भएको खेलमा हैदराबाद इंडियन प्रिमियर लिग (आईपिएल) इतिहासको सबैभन्दा ठूलो योगफल खडा गरेको थियो । टस हारेर ब्याटिङको निम्तो पाएको हैदराबादले निर्धारित २० ओभरमा ३ विकेटको क्षतिमा २७७ रनको योगफल खडा गर्यो ।

यो योगफल सँगै रोयल च्यालेन्जर्स बैंगलोरले २०१३ मा पुने वारियर्स इंडिया विरुद्ध बनाएको २६३ रनको योगफलको कीर्तिमान टुटेको छ ।

हैदराबादका लागि हेन्रीक क्लासनले ३४ बलमा ४ चौका र ७ छक्का सहित सर्वाधिक ८० रन बनाए । यस्तै अभिषेक शर्माले २३ बलमा ३ चौका र ७ छक्कासहित ६३ रन जोडे भने ट्राभिस हेडले २४ बलमा ९ चौका र ३ छक्कासहित ६२ रन बनाए । एइडन मारक्रमले २८ बलमा ४२ रनको योगदान गरे ।

मुम्बईमा सबै बलर महंगो सावित भए । १७ वर्षीय दक्षिण अफ्रिकी बलर क्वेना मफाकाले ४ ओभरमा ६६ रन खर्चिए । जस्तै कप्तान हार्दिक पन्ड्याले ४६, जेराल्ड कोटजीले ५७ रन दिंदै १-१ विकेट पनि लिए । अर्को एक विकेट पियुस चावलाले लिए । उनले २ ओभरमा ३४ रन खर्चिएका थिए । जस्पृत बुम्राहले ४ ओभरमा ३६ रन खर्चिए ।

जवाफमा मुम्बईमेल ५ विकेट गुमाएर २४६ रन बनाउन सक्यो । मुम्बईमा तिलक वर्माले सर्वाधिक ६४ रन बनाए । उनले ३४ बलमा २ चौका र ६ छक्का प्रहार गरे । यस्तै टिम डेभिडले ४२, ईशान किसनले ३४, नमन धिरले ३० तथा रोहित शर्माले २६ रन बनाए ।

जयदेव उनादकट र प्याट कमिन्सले समान २-२ विकेट लिए । शाहबाज अहमदले १ विकेट लिए ।

यो हैदराबादको यस संस्करणको पहिलो जित हो । मुम्बई भने दुवै खेलन पराजित भएको छ । भोलि हुने खेलमा राजस्थान रोयल्स र दिल्ली क्यापिटल्स भिड्ने छन् ।

# कोभिड निगरानीका लागि विश्व स्वास्थ्य संगठनद्वारा विश्वव्यापी सञ्जाल सुरु




सिन्ह्वा

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सार्स-कोभ-२, मर्स-कोभ र नोवेल कोरोना भाइरस-१९ को खोज, अनुगमन र मूल्याङ्कनका लागि नयाँ सञ्जाल, कोभिनेट सुरु गरेको छ ।

विश्वव्यापी स्वास्थ्य संस्था डब्लुएचओले प्रयोगमा ल्याइरहेको कोभिड-१९ प्रयोगशालालाई सञ्जालमा जोडेको हो ।


सुरुवाती चरणमा, कोभिड-१९ महामारी फैल्याउन सहयोगी रहेको सार्स-कोभ-२ मा केन्द्रित यस नेटवर्कले अब मर्स-कोभ र अन्य सम्भाव्य नयाँ प्रजातिका कोरोनाभाइरस समेतका भाइरसहरुमा ध्यान केन्द्रित गर्नेछ ।

कोभिनेटले मानव, पशु र वातावरणीय कोरोनाभाइरस निगरानीमा विशेषज्ञता भएका विश्वव्यापी प्रयोगशालाहरूको सञ्जालका रुपमा कार्य गर्नेछ । हाल डब्लुएचओका सबै छ क्षेत्रहरू अन्तर्गतका २१ वटा देशका ३६ वटा प्रयोगशालाहरूलाई नेटवर्कमा समावेश गरिएको छ ।

कोरोनाभाइरससँग सम्बन्धित स्वास्थ्य चुनौतीहरूको प्रारम्भिक पहिचान, जोखिम मूल्याङ्कन र प्रतिक्रियामा डब्लुएचओका सदस्य राष्ट्रहरूको तयारी बढाउने उद्देश्यले २०२४-२०२५ का लागि कार्ययोजनालाई अन्तिम रूप दिन प्रयोगशालाहरूका प्रतिनिधिहरू मङ्गलबार र बुधबार जेनेभामा भेला भएका थिए ।

कोरोना भाइरसहरूको नयाँ विश्वव्यापी सञ्जालले जनस्वास्थ्यका लागि महत्वपूर्ण कोरोना भाइरसहरूको समयमै पहिचान, अनुगमन र मूल्याङ्कन सुनिश्चित गर्ने डब्लुएचओको महामारी पूर्वतयारी तथा रोकथाम विभागका कार्यवाहक निर्देशक मारिया भान केरखोभले बताउनुभएको छ ।

# नोबेल पुरस्कार विजेता अर्थशास्त्री डानियलको निधन



**एएफपी**

वासिङ्टन । नोबेल पुरस्कार विजेता डानियल कान्हेम्यानको ९० वर्षको उमेरमा निधन भएको छ । व्यवहारिक अर्थतन्त्र सम्बन्धी नयाँ सिद्धान्त प्रतिपादन गरेको भन्दै उहाँलाई नोबेल पुरस्कार प्रदान गरिएको थियो ।

उहाँले लेख्नु भएको पुस्तक "थिन्किङ, फास्ट एन्ड स्लो"ले सर्वाधिक बिक्रीको रेकर्ड पनि बनाएको थियो । उक्त पुस्तकमा उहाँले मानिसको व्यवहार खासगरी उनीहरुको निर्णय-निर्माण प्रक्रियासँग अन्तरनिहीत रहने बताउनु भएको थियो ।

इजरायली-अमेरिकी नागरिक कान्हेम्यान पछिल्ला दिनसम्म अमेरिकाको प्रिन्स्टिन युनिभर्सिटीमा प्राध्यापक रहनु भएको थियो ।

सन् २००२ मा कान्हेम्यानलाई मनोविज्ञान र अर्थशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान दिएको भन्दै अर्थशास्त्र तर्फको नोबेल पुरस्कार दिइएको थियो ।

# अपहरित नाइजेरियाली बालबालिका अभिभावकसँग पुनर्मिलन

**एएफपी**

कडुना । दुई हप्ताभन्दा बढी समय अपहरणमा परेर सेनाको सहयोगमा मुक्त भएका एकसय ३० भन्दा बढी नाइजेरियाली स्कुले बालबालिकाका अभिभावकहरूले बुधबार पुनर्मिलनको समयमा खुसीका आँशु रोक्न नसकेको बताएका छन् ।



बच्चाहरू मुक्त भएको तीन दिनपछि कडुना शहरमा सरकारले व्यवस्था गरेको कार्यक्रममा अभिभावकसँग पुनर्मिलन गराइएको थियो । उक्त स्थानमा बच्चाहरूलाई चिकित्सा सहायता सहित राखिएको थियो ।

गत मार्च ७ यता पहिलो पटक भेट हुँदा अभिभावकहरुले आफ्ना बच्चाहरुलाई अश्रुपुरित अङ्कमाल गरेका थिए ।

कडुनाको उत्तरपश्चिमी दुर्गम शहर कुरिगामाबाट मोटरसाइकलमा आएका बन्दुकधारीले ती बालबालिकालाई बन्दुकको नालको त्रासमा विद्यालयबाट अपहरण गरेका थिए ।

"म आज निकै हर्षित र खुसी भएकी छु," अपहरणमा परेकी आफ्नी १४ वर्षीया छोरीलाई भेटेपछि शिटु अब्दुल्लाहीले निकै उत्साही हुँदै भन्नुभयो । दश देखि १५ वर्षसम्मका ती बालबालिकालाई कहिले घर जान अनुमति दिइने हो भन्ने अझै स्पष्ट भइसकेको छैन । अभिभावकहरूले भने सरकारले यो हप्ताभित्रै घर पठाउने आश्वासन दिएको बताएका छन् ।

अपहरणकारीले विद्यार्थीसँगै लगिएका एकजना कर्मचारीको बन्दी अवस्थामै मृत्यु भएको सैन्य अधिकारीहरूले बताएका छन् ।

एक अभिभावक इब्राहिम मिकालुले आफ्नी १३ वर्षीया छोरीलाई भेटेपछि आफू भावुक भएको र परिवारका बाँकी सदस्य उनलाई घरमै हेर्न उत्सुक रहेको बताउनु भयो ।

छिमेकी जाम्फरा राज्यको उत्तरमा करिब दुई सय किलोमिटर टाढाको जङ्गलबाट आइतबार नाइजेरियाली सेनाले ती स्कुले बालबालिकालाई मुक्त गरेको थियो । उनीहरुले अहिले सेना र सरकारले व्यवस्था गरेको औषधि उपचार प्राप्त गरिरहेका छन् ।

अधिकारीहरूले कुरिगाका बच्चाहरूको मुक्तिका लागि कुनै फिरौती नदिएको बताएका छन् ।

हालसम्म कुनै पनि समूहले उनीहरूको अपहरणको जिम्मेवारी लिएको छैन । स्थानीय अधिकारीहरूले द्वन्द्वग्रस्त उत्तरमा सामूहिक हत्या र फिरौतीका लागि डाकु समूहहरूले घटना घटाएको आङ्कलन गरेका छन् ।

सन् २०१४ मा नाइजेरियाको बोर्नो राज्यको चिबोक गाउँमा बोको हराम समूहका लडाकुले दुई सय ६७ जना स्कुले छात्रा अपहरण गरेयता नाइजेरियाका विद्यालयहरुबाट कम्तीमा १४ सय विद्यार्थी अपहरण भइसकेका छन् । पछिल्लो समयमा अपहरणका घटनाहरु द्वन्द्वग्रस्त उत्तर-पश्चिम र मध्य क्षेत्रहरूमा केन्द्रित छन्, जहाँ दर्जनौं सशस्त्र समूहहरूले गाउँले र अन्य यात्रुहरूलाई फिरौतीका लागि अपहरण गर्ने गर्छन् ।

# बुट्टारमा विद्युत् उत्पादन रोक्न माग



काठमाण्डु । त्रिशूली नदीको बुट्टारमा सुपर त्रिशूली हाइड्रोपावर आयोजना, ब्लु इनर्जी प्रालिको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) बदरको मागसहित सर्वोच्च अदालतमा रिट दायर गरिएको छ।

आयोजनाले उत्पादन गर्ने भनिएको एक सय मेगावाट विद्युत् उत्पादन रोक्ने आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई अधिवक्ता पदमबहादुर श्रेष्ठसहित स्थानीय ५९ जनाले बुधबार दायर गर्नुभएको उक्त रिटमा विद्युत् उत्पादन गर्नेगरी विसं २०७४ साउन ३ गते पारित भएको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) बदर गर्न माग गरिएको छ।

नुवाकोटको देवीघाटबाट चितवनको देवघाससम्मको त्रिशूली नदीको क्षेत्र र नारायणी नदीको देवघाटबाट त्रिवेणी, नवलपरासी बर्दघाट सुस्तापूर्वसम्मको नदी क्षेत्रलाई सम्पदा नदी घोषणा र त्रिशूलीलगायत नदीलाई प्राकृतिक व्यक्तिसरह अधिकार दिनसमेत परमादेशको माग उक्त रिटमा गरिएको छ।

रिटमा आयोजनाको इआइए प्रथमपटक विसं २०७३ चैत १० मा, परिमार्जित विसं २०७४ असार ५ मा बुझाएको तथा उक्त इआइएलाई विसं २०७४ साउन ३ मा जनसङ्ख्या तथा वातावरण मन्त्रालयअन्तर्गत सचिवस्तरको निर्णयबाट स्वीकृत भएकाले इआइए बदर गर्न माग गरिएको छ।

त्रिशूली नदीमा भएको बहाव, जैविक विविधता, जलचरको बासस्थान, प्रजननमा दीर्घकालीन असर पार्ने, नदी प्रणालीको पहिचान, सदिऔँदेखि धार्मिकरूपमा सम्मान गर्दै आइएको त्रिशूलीको अस्तित्व नै समाप्त हुने रिटमा उल्लेख छ।

दायर गरिएको रिटमा उक्त आयोजनाले विद्युत् निर्माणको कुनै पनि काम थालनी नगरेको, जग्गा अधिकरण गर्ने, क्षतिपूर्ति दिने, क्षतिको पहिचान र व्यवस्थापन, मुर्दाघाट सार्ने, ऱ्याफ्टिङ व्यवसायको समस्या सम्बोधनलगायत विषयमा ध्यान नदिएको उल्लेख गरिएको छ। रासस

# बजेट मागिरहने तर पुँजीगत खर्च गर्न नसक्ने अवस्थाको अन्त्य हुनुपर्छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हरेक आर्थिक वर्षमा बजेट मागिरहने तर पुँजीगत बजेट खर्च नहुने अवस्थाको अन्त्य हुनुपर्ने बताउनुभएको छ।

सिंहदरबार विहीबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५२ औँ बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले पुँजीगत शीर्षकमा विनियोजन भएको बजेट किन खर्च हुँदैन भनी प्रश्न गर्नुभयो।

"चालु आर्थिक वर्षको पहिलो छ महिनामा सरकारको पुँजीगत खर्च समग्रमा कम रहनु हाम्रा लागि चिन्ताको विषय हो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "पुँजीगत शीर्षकमा विनियोजन भएको सबै बजेट पूरा खर्च नहुने अवस्था हरेक वर्ष दोहोरिने बारेमा गम्भीर भएर सोचौँ। यो समस्याको समाधान यस आवको बाँकी अवधिमा गर्नैपर्छ।"

पुँजीगत खर्च बढाउन विभिन्न उपाय कार्यान्वयन गर्ने प्रक्रिया अघि बढेको परिप्रेक्ष्यमा उपलब्ध भएको बजेट पूर्णरूपमा खर्च हुने गरी विकास निर्माणका कार्यको नेतृत्व गर्न सबै मन्त्री तथा मुख्यमन्त्रीलाई उहाँले निर्देशन दिनुभयो।

प्रधानमन्त्री दाहालले केही मन्त्रालय र केही राष्ट्रिय गौरवका आयोजनाले तुलनात्मक रूपमा राम्रो गरेको अवस्था रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति हासील गर्ने सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, कालीगण्डकी कोरिडोर (गैँडाकोट-राम्दी खण्ड) र लुम्बिनी क्षेत्र विकास कोषलगायतलाई धन्यवाद व्यक्त गर्नुभयो। उहाँले ती आयोजनाका साथै अन्य सबै आयोजनालाई बाँकी अवधिमा शतप्रतिशत नतिजा प्रदान गर्न निर्देशन पनि दिनुभयो। सरकारले गर्ने खर्चमार्फत अर्थतन्त्रमा बहुआयामिक असर तथा अवसर सिर्जना गर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले निजी क्षेत्र, सहकारी क्षेत्र, समुदाय र विकास साझेदारको स्रोतसाधन परिचालन गर्न पनि तोकिएको खर्च समयमै गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारका सम्पूर्ण अङ्गहरू प्रक्रियामुखीभन्दा परिणाममुखी सोचका साथ अगाडि बढ्न आवश्यक छ।"

## तोलामा एक हजार एक सयले बढ्यो सुनको मूल्य



काठमाण्डु। स्थानीय बजारमा सुनको मूल्य तोलामा रु एक हजार एक सयले बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुनको मूल्य तोलामा रु एक लाख २७ हजार नौ सय तोकिएको छ।

बुधबार छापावाला सुन प्रतितोला रु एक लाख २६ हजार आठ सयमा कारोबार भएको थियो। यस्तै तेजाबी सुन प्रतितोला रु एक लाख २७ हजार तीन सयमा कारोबार गर्ने गरी मूल्य निर्धारण भएको छ। बुधबार तेजाबी सुन तोलाको रु एक लाख २६ हजार दुई सयमा कारोबार भएको थियो। चाँदीको मूल्य पनि विहीबार बढेको छ।

बुधबार प्रतितोला रु एक हजार चार सय ९० मा कारोबार भएको चाँदी विहीबारका लागि भने रु एक हजार पाँच सय १० निर्धारण गरिएको छ। रासस

# मापदण्डविपरीत सञ्चालित चार उद्योग बन्द गरिने



दाङ। जिल्ला अनुगमन समितिले मापदण्डविपरीत सञ्चालित चारवटा नदीजन्य उद्योगलाई बन्द गर्ने जनाएको छ। स्थलगत अनुगमनपछि विहीबार तुलसीपुरमा बसेको समितिको बैठकले ती उद्योग मापदण्ड र कानुनविपरीत सञ्चालनमा आएको निष्कर्षसहित बन्द गर्ने निर्णय गरेको हो।

जिल्ला अनुगमन समितिका संयोजक नित्यानन्द शर्माको नेतत्वमा समितिका सदस्यसहितको टोलीले जिल्लामा सञ्चालित दश क्रसर तथा बालुवा प्रशोधन उद्योगको स्थलगत अनुगमन गरेको थियो। अनुगमनपछि चार उद्योगलाई तत्काल बन्द गर्न पत्राचार गर्ने र बाँकीलाई अपुग कागजात पेस गर्न, मापदण्डअनुरुप व्यवस्थित गर्न निर्देशन दिने निर्णय भएको अनुगमन समितिका सदस्य एवं प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीले जानकारी दिनुभयो।

उहाँका अनुसार बन्द गरिएकामा तुलसीपुर उपमहानगरपालिका-१९ ग्वारखोलास्थित जनविश्वास कङ्क्रिट उद्योग, तुलसपुर-४ हलवारखोलास्थित न्यु राप्ती क्रसर उद्योग, तुलसीपुर-८ टिकरीस्थित राप्ती बालुवा वासिङ उद्योग र बबई गाउँपालिका-६ स्थित क्रिपाभिज्ञ बालुवा वासिङ उद्योग रहेका छन्।

क्रिपाभिज्ञले तत्कालीन समयमा दाङ-सुर्खेत सडक निर्माणका क्रममा कालिका कन्सट्रक्सन कम्पनीले सञ्चालन गरेको भए पनि काम सम्पन्न भइसकेपछि पनि उद्योग सञ्चालन भएको पाइएकाले बन्द गर्ने निर्णय भएको अनुगमन समितिले जनाएको छ।

राप्ती उद्योगले पातुखोला र गहतेखोलाको दोभानमा सार्वजनिक जग्गा अतिक्रमण गरी क्रसर सञ्चालन गरेको पाइएको प्रजिअ सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार ग्वारखोलामा रहेको जनविश्वास र ग्वारखोलाकै न्यू राप्ती उद्योगले मापदण्डविपरीत खोलामा नै उद्योग स्थापना गरी नदीजन्य पदार्थ अवैधरुपमा उत्खनन गर्नुका साथै राजस्व नबुझाएको पाइएकाले बन्द गर्ने निर्णय गरिएको हो।

उक्त कारबाहीको जानकारी अख्तियार कार्यालय बुटवल र नेपालगञ्जमा गराउने निर्णय भएको प्रजिअ सुवेदीले बताउनुभयो। उहाँका अनुसार तत्काल बन्द गर्ने निर्णय भएका क्रसर उद्योगबाट अवैधरुपमा सङ्कलन गरिएका नदीजन्य पदार्थ तुलसीपुर उपमहानगरपालिका र बबई गाउँपालिकालाई जफत गरी राजस्व लिएर बिक्री वितरण गर्न पत्राचार गर्ने निर्णय भएको छ।

सरकारी जग्गा अतिक्रमण गरी सञ्चालन गरिएका उद्योगले प्रयोग गरेको जग्गा भालुवाङ ज्वालामाई गणलाई खाली गराउन, विद्युत् सेवा काट्न नेपाल विद्युत् प्राधिकरण कार्यालयलाई पत्राचार गर्ने निर्णय भएको छ।

अनुगमन टोलीमा समितिका संयोजक शर्मासहित प्रमुख जिल्ला अधिकारी सुवेदी, जिल्ला प्रहरी प्रमुख रामबहादुर केसी, आन्तरिक राजस्व कार्यालयका प्रमुख टीकाराज चौलागाईं, डिभिजन वन कार्यालयका प्रमुख मोहनप्रसाद श्रेष्ठ, सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक पृथ्वीबहादुर बोगटी, सडक पूर्वाधार विकास कार्यालयका इन्जिनियर लिलाधर गिरी, जिल्ला समन्वय समितिका समन्वय अधिकारी मोहन सुवेदीलगायतको सहभागिता थियो। रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि



काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहीबार भने उकालो लागेको छ। नेपाल स्टक एक्सचेजका अनुसार नेप्से परिसूचक चार दशमलव ७८ अङ्कले उकालो लागेर दुई हजार ३५ दशमलव ६४ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३६ ओरालो लागेर तीन सय ५९ दशमलव शून्य नौमा सीमित भएको छ। कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्य ओरालो लाग्दा आठ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ।

कुल ६६ लाख १४ हजार चार सय ४५ कित्ता शेयर रु दुई अर्ब ६५ करोड ३३ लाख ४९ हजार चार सय ६८ मूल्यमा कारोबार भएको छ। कारोबारका आधारमा सर्वोत्तम सिमेन्ट शीर्षस्थानमा छ। सो कम्पनीको रु १९ करोड ३७ लाख ६२ हजार आठ सय ६९ बराबरको कारोबार भयो।

त्यस्तै, गुर्खाज फाइनान्स रु १६ करोड १९ लाख ८९ हजार पाँच सय ५८, शिवम् सिमेन्ट रु १५ करोड ३९ लाख ३३ हजार छ सय ४९, सोनापुर मिनरल्स रु ११ करोड १८ लाख ५३ हजार एक सय ६८ र पिपल्स पावर रु सात करोड तीन लाख २३ हजार एक सय ७९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार हिमालयन ऊर्जा विकास कम्पनी १०, सर्वोत्तम सिमेन्ट नौ दशमलव ९६, हिमालयन हाइड्रोपावर आठ दशमलव ७३, सामलिङ पावर कम्पनी आठ दशमलव शून्य सात र पिपल्स पावरका लगानीकर्ताले सात दशमलव ४४ प्रतिशतले कमाएका छन्।

उन्नति सहकार्य लघुवित्त १०, धवलागिरि लघुवित्त १०, हिमालयन बैंकको म्युचुअल फण्ड छ दशमलव ८०, जोशी हाइड्रोपावर तीन दशमलव ३४ र मैलुङ खोला जलविद्युत् कम्पनीका लगानीकर्ताले तीन दशमलव २८ प्रतिशतले गुमाएका छन्। रासस


## Invitation for Quotations
## Madhesh Institute of Health Sciences,
### Janakpurdham, Madhesh Province

## Invitation for Quotations for the
### THE PROCUREMENT OF Dismantling of Old Building & Construction of Boundary Wall

**Contract Identification No: 01/MIHS/works/Q/2080-81**

**First Date of publication: 15/12/2080**

1. The Madhesh Institute of Health Sciences, Janakpurdham, Madhesh Province invites quotations for the construction of Dismantling of Old Building & Construction of Boundary Wall. The estimated amount for the works is 427,318.08 (excluding VAT and contingency)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Madhesh Institute of Health Sciences, Janakpurdham, Madhesh Province, office contact no 041-590868/590867 number, email : mihs@mihs.edu.np
3. A complete set of Bidding Documents may be purchased from the office Madhesh Institute of Health Sciences, Janakpurdham, Madhesh Province, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs 1000 till 22/12/2080 during office hours.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:-** Rastriya Banijaya Bank,

**Name of Office:-** Madhesh Institute of Health Sciences, Janakpurdham, Madhesh Province.

**Rajaswa (revenue) Account No.:-** 1000100200010000

**Office Code No.:-** 3700517012 **Rajaswa (revenue) Shirshak No.:-** 14229

4. Quotation must be submitted to the office Madhesh Institute of Health Sciences, Janakpurdham, Madhesh Province by hand/courier on or before 12:00 PM on 23/12/2080. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 and 23/12/2080 at the office of Madhesh Institute of Health Sciences, Janakpurdham, Madhesh Province Bids must be valid for a period of 7 days after bid opening and must be accompanied by a bid security.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.
7. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so ever.

**Note:**

*(As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)*

| S. N. | Contract No. | Description Of Work | Estimated Amount ( without vat) | Bid Validity Period | Payment Of Non Refundable Amount |
|---|---|---|---|---|---|
| 1 | 01/MIHS/ WORKS/ Q/2080/081 | The construction of Dismantling of Old Building & Construction of Boundary Wall | 427,318.08 | 7 Days | 1000.00 |

**Madhesh Institute of Health Sciences**


# जावलाखेलमा पाँचदिने ललितपुर इन्टरनेशनल ट्रेड एक्सपो हुने

पाटन । ललितपुर चेम्बर अफ कमर्सको आयोजनामा जावलाखेलमा पाँचदिने ललितपुर इन्टरनेशनल ट्रेड एक्सो हुने भएको छ।

नेपाली उत्पादनलाई अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्दै नेपालको आर्थिक क्षेत्रलाई चलायमान बनाउने उद्देश्यले 'मेड इन नेपाल' मूल नारासहित यही चैत २२ देखि २६ गतेसम्म अन्तर्राष्ट्रियस्तरको ट्रेड एक्सपो गर्न लागिएको ललितपुर चेम्बर अफ कमर्सका अध्यक्ष पुष्परत्न शाक्यले जानकारी गराउनुभयो।

अध्यक्ष शाक्यले एक्स्पोमा नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, थाइल्याण्ड, टर्की, मलेसिया, साउथकोरियालगायतका देशमा उत्पादित विविध वस्तु तथा सामग्री, मौलिक उत्पादन र सेवासम्बन्धी सामानको प्रदर्शनी हुने जानकारी दिनुभयो।

"नेपाली उत्पादनलाई अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्न फेसन शो, अमूर्त कला संस्कृतिको प्रदर्शनीलगायतका कार्यक्रम राखिएको छ, नेपालका सबै जिल्लामध्ये कला, संस्कृति र कला क्षेत्रको खुला सङ्ग्रहालय भएको जिल्ला ललितपुर हो, यहाँको व्यापार तथा आर्थिक स्थितिको सुधार गर्न, यहाँको कलाकृति र हस्तकलाको प्रवर्द्धन गर्न यो एक्सपो महत्त्वपूर्ण हुनेछ", शाक्यले भन्नुभयो।

नेपालको पहिचान सगरमाथा, भगवान् गौतम बुद्ध र हस्तकला भएको उल्लेख गर्दै उहाँले यसलाई उजागर गर्दै आर्थिक चलायमान बनाउन एक्सपो महत्त्वपूर्ण हुने बताउनुभयो। एक्सपोमा एक लाखभन्दा बढी मानिस सहभागी हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो।

ललितपुर महानगरपालिका नेपाल चेम्बर अफ कमर्स, जावलाखेल युथ क्लब र नेपाल हस्तकला महासङ्घ सहआयोजक रहेको यस एक्सपोमा ललितपुर तयारी पोशाक व्यापार सङ्घ, कुमारीपाटी जावलाखेल व्यापार सङ्घ, मदिरा व्यवसायी सङ्घ, ललितपुर पार्टी प्यालेस तथा क्याटरिङ सङ्घ, ललितपुर कपडा तथा टेलरिङ व्यवसायी सङ्घको सहयोग र सहकार्य रहने जनाइएको छ।

झण्डै एक सयभन्दा बढी व्यापारिक कक्ष रहने इन्टरनेशनल ट्रेड एक्स्पोमा फर्निचर, छालाबाट बनाइएका वस्तु, हस्तकलाका सामग्री, लत्ताकपडा, सारी, कुर्था, बेडसिट, जुत्ता-चप्पल, स्वास्थ्यवर्द्धक सामान, जैविक उत्पादन र गरगहनालगायतका सामग्री प्रदर्शनीमा राखिने अध्यक्ष शाक्यले जानकारी दिनुभयो। रासस


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सूचना

उपरोक्त सम्वन्धमा मिथिला नगरपालिका वडा नम्वर-५ धनुषा जिल्ला, मधेश प्रदेश स्थित, HDPE/CPVC/PVC Pipe, CPVC/PVC Pipe Fitting, PVC Manhole Cover उत्पादन गर्ने उद्देश्य रहेको कल्याण पोलि प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि. नामको उद्योगको स्थापना तथा सञ्चालनको लागि तथा गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आईइ) प्रतिवेदन उपर मिति २०८०/१२/२१ गते बुधबार दिनको ११:०० बजे उद्योग स्थलमा सरोकारवालाहरुको उपस्थीतिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुदाँ उपस्थीतिको लागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**

**कल्याण पोलि प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.**

**फोन नम्बर : ९८५१०७६१०६**

# प्राधिकरणका पूर्व अध्यक्ष झासहित १९ जनाविरुद्ध मुद्दा

**टुडे समाचारदाता**

काठमाण्डु । एमडीएमएस खरिदमा भ्रष्टाचार गरेको आरोपमा नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व अध्यक्ष दिगम्बर झासहित १९ जना विरुद्ध मुद्दा दर्ता गरिएको छ।

विदेशबाट मोबाइल आयात गर्दा राजस्व छली भइरहेको भन्दै रोक्नका लागि प्राधिकरणले मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम (एमडीएमएस) खरिद गरेको थियो । एमडीएमएस खरिदमा ९१ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा मुद्दा दर्ता गरेको छ।




> एमडीएमएस खरिदमा बदनियतपूर्ण ढंगले अस्वाभाविक बढी काम/लागत देखाएको, लागत अनुमान र बोलपत्र स्वीकृत नगराएको, मनासिब कारण विना लागत इस्टिमेट अस्वाभाविक रूपमा बढाई बढी सामान खरिद गरेको पाइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी

एमडीएमएस खरिदमा बदनियतपूर्ण ढंगले अस्वाभाविक बढी काम/लागत देखाएको, लागत अनुमान र बोलपत्र स्वीकृत नगराएको, मनासिब कारण विना लागत इस्टिमेट अस्वाभाविक रूपमा बढाई बढी सामान खरिद गरेको पाइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

त्यस्तै, गलत लिखत तयार गरेको, सरकारी कागजात लुकाएको तथा नष्ट गरिएको अख्तियारको अनुसन्धानमा देखिएको छ। एमडीएमएस खरिदमा ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैयाँ ३२ पैसा हिनामिना भएको पाइएको छ । त्यसैले भ्रष्टाचारमा संलग्न १९ जना र दुई कम्पनी विरुद्ध मुद्दा दर्ता गरिएको प्रवक्ता घिमिरेले बताए।

अख्तियारले विशेष अदालतमा दर्ता गरेको अभियोगपत्रमा प्राधिकरणका तत्कालीन अध्यक्ष झा र पुरुषोत्तमप्रसाद खनाल, निर्देशक आनन्दराज खनाल, उपनिर्देशक मीनप्रसाद अर्याल, सहायक निर्देशक विनोदचन्द्र श्रेष्ठ, निर्देशक दीपेश आचार्य, उपनिर्देशक सुरेन्द्रलाल हाडा, सहायक निर्देशकहरू रेवतीराम पन्थ, सन्दीप अधिकारी, सूर्यप्रसाद लामिछाने, उपनिर्देशक अच्युतानन्द मिश्र, सहायक निर्देशकहरू विजयकुमार राय यादव, प्रतीक्षा पौडेल र निराजन कोइरालालाई विपक्षी बनाइएको छ । उनीहरूबाट २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ ९४ पैसा बिगो असुल गर्न माग गरिएको छ।

मलेशियाको न्यूमेरा कम्पनी र ग्रुप चेयरमेन मोहद नूर अमिन बिनी मोहद नूर खान, कम्पनीमा कार्यरत मोहम्मद शैहाब बिन कुनही मोहमेद, चिप अपरेटिङ अफिसर अञ्जु सिंह एक्स, प्रोडक्ट विषेशज्ञ जामील अहमेद विरुद्ध पनि मुद्दा दर्ता गरिएको छ। न्यूमेरा कम्पनीको पार्टनर कम्पनी सिंगापुरको नमस्ते ग्लोबल कमका निर्देशक कवीन्द्रराज मल्ललाई पनि प्रतिवादी बनाइएको छ। उनीहरूबाट पनि २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ ९४ पैसा बिगो दाबी गरिएको उनले बताए।

# १० जना निरीक्षकलाई कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम । माध्यमिक शिक्षा परीक्षा (एसइई) अन्तर्गत सर्लाहीमा १० जना निरीक्षकलाई कारबाहीस्वरुप जिम्मेवारीबाट हटाएको छ।

पहिलो दिनकै परीक्षामा कक्षाकोठाभित्र मर्यादा कायम गराउन नसक्ने १० जना निरीक्षकलाई कारवाही स्वरुप जिम्मेवारीबाट हटाइएको छ । कारबाहीमा पर्ने सबै निरीक्षक जिल्लाको दक्षिण-पश्चिम भेगस्थित गोडैता र बलरा नगरपालिकामा रहेका छ वटा परीक्षा केन्द्रका रहेका छन् ।

जनता माध्यमिक विद्यालय बलरा नगरपालिका- ९ स्थित गडहीया डुमरिया परीक्षा केन्द्रमा मुकेश यादव, सुजितकुमार यादव र चन्द्रमोहन हजारीलाई जिम्मेवारीबाट हटाइएको छ। त्यस्तै रामसखी मोहित सिंह जनता माध्यमिक विद्यालय बलरा नगरपालिका- ४ स्थित बलरा परीक्षा केन्द्रबाट राजकुमार यादव र शिवचन्द्र राय, जनता माध्यमिक विद्यालय गोडैता नगरपालिका ५ रामवन परीक्षा केन्द्रमा रामवचन राम र रन्जित मण्डललाई जिम्मेवारीबाट हटाइएको शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाले जनाएको छ।

त्यस्तै वेणी भोला नमुना माध्यमिक विद्यालय गोडैता नगरपालिका- ८ स्थित गोडैता परीक्षा केन्द्रमा अरविन्द भण्डारी, जनता नमुना माध्यमिक विद्यालय गोडैता नगरपालिका- ३ स्थित सिमरा भगवतपुर परीक्षा केन्द्रबाट रामभरोस साह र नेपाल राष्ट्रिय रामचन्द्र शिवचन्द्र माध्यमिक विद्यालय बलरा नगरपालिका- ८ स्थित डुमरिया परीक्षा केन्द्रमा किशोर गुप्तालाई कारबाही गरिएको जनाएको छ।

समग्रमा यि सबै परीक्षा केन्द्रमा मर्यादित ढंगले नै परीक्षा संचालन भएपनि अनुगमनका क्रममा यि १० जना निरीक्षक रहेको कक्षाकोठामा भने मर्यादा विपरीत परीक्षा संचालन भएको पाइए पछि जिम्मेवारीबाट हटाएर नयाँ निरीक्षक खटाइएको शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाका प्राविधिक सहायक सुनिलकुमार कुशवाहाले बताए। उनका अनुसार जिम्मेवारीबाट हटाइएका निरीक्षक (शिक्षक) अब आगामी दिनका कुनै पनि परीक्षामा सामेल हुन पाउने छैनन्।

जिल्ला परीक्षा समन्वय समिति सर्लाहीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले पहिलो दिनको परीक्षा पूर्व तयारीअनुसार शान्तिपूर्णरुपमा सम्पन्न भएको बताए। परीक्षालाई मर्यादित बनाउन प्रमुख जिल्ला अधिकारी धमला, सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे र शिक्षा विकास तथा समन्वय इकाइका निमित्त प्रमुख रामवृक्ष महतोको नेतृत्वमा तीनवटा अनुगमन टोली परिचालित भएको छ।



## हिरासतबाटै एसइई परीक्षा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका एक किशोरले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका छन् ।

आत्महत्या दुरुत्साहन मुद्दामा दुई सातादेखि हरिवन प्रहरीको हिरासतमा रहेका हरिवन नगरपीलका-९ स्थित ज्ञानज्योति आवासिय विद्यालयका एक प्रशिक्षार्थीले प्रहरी कार्यालयबाटै एसइई दिएका छन् ।

ज्ञानज्योतिको परीक्षा केन्द्र श्री ५ महिन्द्र जनता माध्यमिक विद्यालय बागमती नगरपालिका-११ स्थित कर्मैयामा तोकिएको छ। परीक्षा केन्द्रसँग समन्वय गरी प्रहरी कार्यालयमा नै कोठा व्यवस्थापन गरी ती किशोरलाई परीक्षा दिने व्यवस्था मिलाइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले बताए।

प्रहरी निरीक्षक गिरीका अनुसार ती किशोर आमाको मृत्युपछि आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धानका लागि प्रहरी हिरासतमा छन् । यही मुद्दामा किशोरका बुवासमेत प्रहरी हिरासतमै रहेका हरिवन प्रहरीले जनाएको छ।

# वीरगञ्ज भन्सारबाट १ खर्ब राजस्व संकलन

**टुडे समाचारदाता**

वीरगञ्ज। चालु आर्थिक वर्ष ०८०/०८१ को आठ महिनाको अवधिमा ९९ अर्ब ७१ करोड १७ लाख ४६ हजार राजस्व संकलन गरेको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।



वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा वार्षिक लक्ष्यको ४० दशमलव ५५ प्रतिशत राजस्व संकलन भएको बताए।

उनले भने, 'विकास निर्माण लक्षित पुँजीगत खर्च हुने समय भर्खरै सुरु भएकाले पनि चालु आर्थिक वर्षमा राजस्व संकलनमा सुधार हुने पर्याप्त सम्भावना रहेको छ', उनले अघि थप्दैं भने, 'चालु आर्थिक वर्षमा वार्षिक लक्ष्यको कम्तीमा पनि ७२ देखि ७५ प्रतिशत राजस्व संकलन गर्ने लक्ष्यसहित काम गरिरहेका छौं।'

भन्सार कार्यालयले सरदर दैनिक ४० करोड रुपैयाँको हाराहारीमा राजस्व संकलन गर्ने गरेको छ। कार्यालयले विशेष गरी १२ शीर्षकमा राजस्व संकलन गर्दै आएको प्रमुख भन्सार प्रशासक पन्थीले बताए।

यसअन्तर्गत भन्सार महसुल (आयात), मूल्यअभिवृद्धि कर, अन्तःशुल्क, अग्रिम आयकर, स्वास्थ्य जोखिम कर, पूर्वाधार कर, कृषि सुधार शुल्क, भन्सारसम्बन्धी अन्य आय र सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर र विलासिता शुल्क उठाउँदै आएको छ । भन्सार विभागले चालु आर्थिक वर्षमा यस कार्यालयलाई दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिएको छ।

प्रमुख भन्सार प्रशासक पन्थीका अनुसार साउनमा ११ अर्ब ८६ करोड रुपैयाँ राजस्व संकलन भएको छ । भदौमा १२ अर्ब ७१ करोड रुपैयाँ , असोजमा १४ अर्ब २७ करोड रुपैयाँ, कार्तिकमा १० अर्ब ३२ करोड रुपैयाँ, मङ्सिरमा १२ अर्ब ८२ करोड रुपैयाँ, पुसमा १२ अर्ब ७४ करोड रुपैयाँ, माघमा ११ अर्ब ८३ करोड रुपैयाँ तथा फागुनमा १३ अर्ब १३ करोड रुपैयाँ राजस्व संकलन भएको छ।

आर्थिक वर्ष ०७९/०८० को आठ महिनाको अवधिमा एक खर्ब ६८ अर्ब २३ करोड ८६ लाख ८५ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकामा एक खर्ब एक अर्ब ५३ करोड ८० लाख ७५ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवाल नेपालका उद्योगधन्दा धरासायी अवस्थाबाट गुज्रिरहेकाले पनि पर्याप्त मात्रामा उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ आयात नहुँदा राजस्व घटेको हुन सक्ने अनुमान गरे।

प्रमुख भन्सार प्रशासक पन्थीले चालु आर्थिक वर्षमा पेट्रोलियम पदार्थबाट चल्ने गाडीको आयात कम भएकाले भन्सार राजस्व घटेको बताए।

आएका सवारीसाधन पनि अधिकांश विद्युतीय सवारीसाधन भएकाले राजस्वमा प्रत्यक्ष असर देखिएको हो', उनले भने, 'कच्चा खानेतेलको आयात ६२ प्रतिशतले गिरावट आएको छ । यसका साथै औद्योगिक क्षेत्रमा आवश्यक पर्ने कच्चापदार्थ र सुर्तीजन्य पदार्थको आयात घटेकाले राजस्व संकलनमा प्रत्यक्ष असर देखिएको हो।'

कार्यालयले आर्थिक वर्ष ०७८/०७९ मा दुई खर्ब चार अर्ब रुपैयाँ राजस्व संकलन गरेको थियो। आर्थिक वर्ष २०७९/०८० मा एक खर्ब ५७ अर्ब १५ करोड ४९ लाख २१ हजार रुपैयाँ संकलन गरेको थियो । यस्तै कार्यालयले चालु आर्थिक वर्षका आठ महिनाको अवधिमा भने ९९ अर्ब ७१ करोड रुपैयाँ राजस्व संकलन गरेको छ।

राजस्व संकलनमा वीरगञ्ज भन्सार कार्यालय मात्रै होइन, समग्रमा संघीय सरकारले पनि लक्ष्यअनुसारको राजस्व संकलन गर्न सकिरहेको छैन।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको २०८० चैत १४ गतेसम्मको दैनिक विश्लेषणअनुसार राजस्व शीर्षकमा लक्ष्यको ४६ दशमलव ३५ प्रतिशत अर्थात् ६ खर्ब ५९ अर्ब ३४ करोड रुपैयाँ संकलन भएको छ। सरकारले चालु आर्थिक वर्षमा राजस्व शीर्षकमा १४ खर्ब २२ अर्ब ५४ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको पाइएको छ।

# अग्निसाइर कृष्णासवरन गाउँपालिकामा तालाबन्दी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सार्वजनिक जग्गा व्यक्तिको नाममा पास गर्न सघाएको भन्दै गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरिएको छ । गाउँपालिकास्थित गठित बेथिति विसंगतिविरुद्धको संघर्ष समितिद्वारा गाउँपालिकाको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेको छ।



संघर्ष समितिका संयोजक अरुणकुमार चौधरीको अगुवाईमा गाउँपालिकाको कार्यालयमा ताला गरी धर्ना दिएका छन्।

गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीको स्वेच्छाचारी निर्णयबाट व्यक्तिको नाउँमा पास भएको इटहर्वा बजार कलौनी सीतापुरको सार्वजनिक जग्गा फिर्ता नभएसम्म तालाबन्दी सहितका आन्दोलनको कार्यक्रम जारी राख्ने संघर्ष समितिका संयोजक चौधरीले बताए।

यसअघि कार्यपालिकाको निर्णय विपरीत गाउँपालिका अध्यक्ष चौधरीले मालपोत कार्यालय सप्तरीलाई जग्गा रोक्का तथा चारकिल्ला सिफारिस गरिएकोले संशोधनसहित जग्गा रोक्का राख्नेसहितका आफूहरुसित भएको सम्झौताविपरीत व्यक्तिको नाउँमा सार्वजनिक जग्गा पास गरेको विरुद्धमा आन्दोलनमा उत्रिन बाध्य भएको संघर्ष समितिका संयोजक चौधरीले बताए । उनले गाउँपालिका अध्यक्ष चौधरीले मोटो रकम लिएर कार्यपालिकाको निर्णयबाट रोक्का राखिएको जग्गा फुकुवा सिफारिस गरेको आरोप लगाए।

गाउँपालिका कार्यालयमा विहान १० बजेदेखि गरिएको तालाबन्दीको कारण कार्यालयका कर्मचारीहरु बाहिरै बसेका थिए । तालाबन्दीका कारण गाउँपालिकाको सम्पूर्ण सेवा प्रभावित हुँदा सेवाग्राहीलाई दैनिकी कामकाजमा समस्या भएको स्थानीयबासी बेचन मण्डलले बताए।

संघर्ष समितिका सल्लाहकार तुलसी चौधरीका अनुसार सांकेतिक रुपमा बिहीबार साढे १२ बजेदेखि १ बजेसम्म सडक अवरुद्ध गर्ने र यसलाई निरन्तरता दिँदै प्रतिदिन आधाघण्टा बढाएर सडक जाम गरिने बर्ता। गत फागुन १६ गते आन्दोलनरत पक्षसँग भएको सहमति कार्यान्वयनबाट अध्यक्ष चौधरीले पछि हट्दै मालपोत कार्यालयलाई पत्र नपठाएपछि उक्त जग्गा चैत २ गते व्यक्तिको नाममा पास भएको कारण आफूहरु आन्दोलनमा उत्रिनुपरेको संघर्ष समितिका सदस्य सचिव एवम् इटहर्वा बजार व्यवस्थापन समितिका अध्यक्ष मिलन चौधरीले बताए।

# नवकुण्डिय विष्णु महायज्ञको पूर्व सन्ध्यामा कलशयात्रा



**टुडे समाचारदाता**

राजविराज। नवकुण्डिय विष्णु महायज्ञको पूर्वसन्ध्यमा बिहीबार कलशयात्रा निकालिएको छ।

घोडदह नदीबाट पवित्र जल लिई कलशयात्रा निकालिएको छ । बाजागाजासहित बजार क्षेत्रमा निकालिएको कलशयात्रामा उल्लेख्य सहभागी रहेका थिए। उनीहरुले पवित्र जल भरेर महायज्ञस्थलसम्म लगेका थिए।

राजविराज- ६ स्थित खरसाल टोलमा नाथबाबा मन्दिर प्रांगणमा चैत १६ गते शुक्रबार देखि ९ दिने नवकुण्डिय विष्णु महायज्ञको आयोजना हुँदैछ । यसैक्रममा महायज्ञको पूर्व सन्ध्यामा कलशयात्रा निकालिएको आयोजक समितिका अध्यक्ष खुशीलाल यादवले जानकारी दिए।

महायज्ञमा भारत तथा नेपालका ख्याति प्राप्त सन्त महन्त तथा कथावाचकको सहभागिता रहने जनाइएको छ।

नेपाल-भारत विरक्त मण्डलका अध्यक्ष रामप्रसाद दासजी र नेपालका शंकराचार्य मोहन शरण देवले संयुक्तरुपमा उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ।

# जनकपुरधाममा मेयर कप टी-२० क्रिकेट प्रतियोगिता हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा भोलिदेखि जनकपुरधाममा मेयर कप टी-२० क्रिकेट प्रतियोगिता शुरु हुँदैछ।

जनकपुरधामको निर्माणाधिन रामजानकी बहुउद्देश्यीय रंगशालामा हुने मेयर कप टी-२० क्रिकेट प्रतियोगितामा मधेश प्रदेशका ८ जिल्लाको सहभागिता रहने र प्रतियोगिताको सबै तयारी पुरा भएको जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डेले जानकारी दिए।



जनकपुरधाम उपमहानगरपालिकाको आयोजना तथा जिल्ला क्रिकेट संघको समन्वयमा हुन लागेको प्रतियोगिता दुई समूहमा टीमलाई विभाजित गरेर खेलाइने भएको छ। क समूह धनुषा, महोत्तरी, सर्लाही र सिरहा जिल्ला रहेका छन् भने ख समूहमा सप्तरी, रौतहट, बारा तथा पर्सा जिल्ला रहेका छन्।

गत वर्षदेखि जनकपुरधाम उपमहानगरपालिकाले वार्षिक कार्यक्रममा नै बजेट समावेश गरेर प्रतियोगिताको आयोजना गर्दै आएको छ।

प्रतियोगितामा विजेतालाई २ लाख ५१ हजार रुपैयाँ नगद, शिल्ड कप तथा प्रमाणपत्र प्रदान गरिने छ भने उपबिजेता टिमलाई १ लाख ५१ हजार रुपैयाँ नगद, शिल्ड कप तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

सो प्रतियोगितामा प्रत्येक दिन म्यान अफ दि म्याज हुनेलाई नगदसहित पुरस्कृत गरिने उनले बताए।

प्रतियोगिता अवधिमा सर्वोत्कृष्ट ब्याटिंग गर्ने ब्याट्स म्यान तथा सर्वोत्कृष्ट बलिङ गर्ने बलरलाई पुरस्कृत गरिने उनले बताए।

प्रतियोगिताको मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले उद्घाटन गर्ने जिल्ला क्रिकेट संघका अध्यक्ष पाण्डेले बताए।

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानको मूल सुकाउँछ,

त्यसैले,

वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८